जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक २४ • २०८३ साल जेठ ३० गते शनिबार (13 June, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

# जनमत पार्टीको महाधिवेशन असोजमा हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीले मङ्सिरमा महाधिवेशन गर्ने निर्णय गरेको छ । पार्टीको तीन दिनसम्म चलेको बैठकबाट महाधिवेशनको मिति तय गरेको हो ।

आगामी असोज ९ र १० गते महाधिवेशन हुने जनमत पार्टीका उपाध्यक्ष नरेन्द्र चौधरीले जानकारी दिए । महाधिवेशनको मिति तय गरे पनि स्थान तय भएको छैन ।

जनमत पार्टीले बैठकमार्फत फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनको समीक्षा समेत गरेको छ। सो निर्वाचनमा जनमत पार्टीले एक सिट पनि जित्न सकेन ।

उपाध्यक्ष चौधरीले भने, 'यो चुनावको असफलताको समीक्षा गर्न गाह्रो छ। चुनावमा सबैभन्दा बढी बालेन फ्याक्टरले काम गरेको छ । त्यसका साथै थ्योरी अफ कन्सपिरेसीले पनि काम गरेको छ।'

जनताले पनि परिवर्तन खोजेको कारण चुनावमा पुराना पार्टीलाई मत नदिएको समीक्षा गरिएको उनले बताए । निर्वाचनमा पार्टी कमजोर हुनुमा पार्टीभित्रको आन्तरिक कमजोरी पनि रहेको उनले बताए ।




सो बैठकमा विभिन्न जिल्लाबाट आएका प्रतिनिधिहरूले जिल्लागत रिपोर्ट तथा सुझावसमेत दिएका छन् । त्यसको आधारमा पार्टी अगाडि बढ्ने उनको भनाइ छ ।

सो बैठकले पार्टीको विधान संशोधन गर्ने निर्णय गरेको छ । त्यसको बारेमा पार्टीमा सबैसंग सल्लाह सुझाव लिने निर्णय गरेको छ ।

## धनुषा-सिरहा जोड्ने कमला पुल

# नयाँ पुल निर्माणको माग गर्दै आन्दोलन जारी, बजेट छुट्याउन माग



**टुडे समाचारदाता**

जनकपुरधाम । हुलाकी सडक अन्तर्गत धनुषा र सिरहा जिल्लालाई जोड्ने निर्माणाधीन कमला पुलको निर्माण कार्य सम्पन्न हुने समयसीमा स्पष्ट नभएपछि दुबै जिल्लाका सीमावर्तीवासीहरुले नयाँ पुल निर्माणको माग गर्दै आन्दोलन थालेका छन् । नयाँ पुल निर्माणका लागि बजेट माग्दै स्थानीयवासीहरुले केही महिनादेखि आन्दोलनमा उत्रिएका छन् । सोही क्रममा शुक्रबार पनि मधेश प्रदेशसभा अगाडि प्रदर्शन गरिएको छ ।

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको नीति तथा कार्यक्रममा नयाँ कमला पुलको विषय समावेश नगरिएको भन्दै प्रदेश सभाअगाडि आन्दोलन गरेका छन् ।

नीति तथा कार्यक्रममा समावेश नभएपछि आगामी आर्थिक वर्ष ०८३/०८४ को बजेटमा नयाँ कमला पुल निर्माणका लागि बजेट बिनियोजन गर्नुपर्ने माग गर्दै स्थानीयले दबाबमूलक आन्दोलन गर्दै आएका छन् । धनुषा-सिरहाका स्थानीयले मधेश प्रदेश सभा अगाडि टायर बालेरसमेत प्रदर्शन गरेका छन् ।

हुलाकी राजमार्ग अन्तर्गत धनुषा-सिरहा जिल्लालाई जोड्ने कमला पुल निर्माणमा बजेट बिनियोजन हुनुपर्ने माग गर्दै दुबै जिल्लाका स्थानीयले प्रदेश सभा सदस्य तथा मधेश सरकारलाई दबाब दिँदै आन्दोलन गर्दै आएका छन् ।

सो प्रदर्शनका क्रममा उनीहरूले 'झुटा आश्वासन चाहिँदैन, मनोमानी चल्दैन', 'नयाँ कमला पुल निर्माण गर्न बजेट विनियोजन गर' जस्ता नारासमते लगाएका थिए ।

आन्दोलनमा सहभागी इञ्जिनियर प्रवीण यादवले कमला पुल निर्माण गर्ने विषयमा मधेश प्रदेश सरकारले लिखित सम्झौतासमेत गरिसकेको भन्दै त्यसको कार्यान्वयन हुनुपर्ने बताए । आन्दोलनकारीहरूले मुख्यमन्त्री, अर्थमन्त्री तथा भौतिक पूर्वाधारमन्त्रीलाई बजेट बिनियोजनका लागि ध्यानाकर्षण गराइसकेको जनाएका छन् । यता सत्तारुढ नेपाली कम्युनिष्ट पार्टी(नेकपा)का प्रदेश सांसद रत्नेश्वर लाल गोइतले सभामुख रामअशिष यादवको ध्यानाकर्षण गराउँदै कमला नदीमा नयाँ पुल निर्माणका लागि भइरहेको आन्दोलनको माग सम्बोधन गर्न सरकारसंग माग गरे ।

### पुल निर्माणमा ढिलाइ, सम्पन्न हुने मिति अनिश्चित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा-सिरहालाई जोड्ने कमला पुल चालु आर्थिक वर्षमा पनि नबन्ने भएको छ। निर्माण सम्पन्न भएर उद्घाटन हुनु अगावै भासिएको उक्त पुल अहिलेसम्म पनि निर्माण हुनसकेको छैन ।

सो पुल भासिए देखि अहिलेसम्म पुलको निरीक्षण गर्दै भौतिक पूर्वाधार तथा यातायातमन्त्री भएकाहरुले ठेकेदारलाई पुल निर्माण सम्पन्न गर्न निर्देशन दिदैं आए पनि हालसम्म पनि निर्माण कार्य सम्पन्न हुन सकेको छैन ।

करिब १५ वर्षदेखि निर्माणाधीन सो पुलको पुनःनिर्माण समयमै हुनुपर्ने भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) बाट बनेका पूर्वाधार मन्त्री सुनिल लम्सालले केही साता अघि कमला पुलसंगको एक सेल्फी लिदैं निर्माण कम्पनीलाई तत्काल निर्माण कार्य तीव्रगतिमा अघि बढाउन निर्देशन दिएका थिए ।

वर्षा शुरु भएसंगै बाढीको जोखिम बढेकाले पुल निर्माण यस वर्ष सम्पन्न हुन नसक्ने हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामले जनाएको छ।

मधेसश प्रदेशको 'लाइफ लाइन' मानिने कमला पुल चार सय ७० मिटर लामो छ। विसं २०६८ जेठ ३१ मा ४२ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी पप्पु-लुम्बिनी जेभीसंग ठेक्का सम्झौता भएको थियो । सम्झौता भएको सात वर्षसम्म पनि पुल निर्माण नभएपछि हुलाकी राजमार्ग सडक निर्देशनालयले उक्त निर्माण कम्पनीसँग ठेक्का तोडेर निर्माणको जिम्मा लुम्बिनी बिल्डर्सलाई दिएको थियो ।

बिल्डर्सको कमाण्डमा निर्माण अन्तिम चरणमा पुगिसकेकाले विसं २०७८ साउनमा उद्घाटनको तयारी गरिसकेको अवस्थामा पुल भासिएको थियो । १३ पाया (पिलर) र १२ स्पान (स्ल्याब) रहेको पुलको सिरहातर्फको दोस्रो र धनुषातर्फको चौथो पाया भासिएको थियो ।

पुल भासिएपछि निर्माण कम्पनी र बीमा कम्पनीबीचको विवादले केही वर्ष काम नै रोकिएको थियो । कमला नदीमा पुल नबन्दा धनुषा र सिरहाका नागरिकको जनजीवन प्रभावित हुँदै आएको सिरहा नगरपालिका-१७ का प्रवीण साहले बताए ।

यहाँका सर्वसाधारणलाई मधेश प्रदेशको राजधानी जनकपुरधाम आवतजावत गर्न निकै सास्ती भोग्नु परिरहेको छ । बाढीले आवतजावत प्रभावित भएपछि सिरहाका नागरिक गम्भीर प्रकृतिको उपचार गराउन जनकपुरधाम वा कोशी प्रदेशको राजधानी विराटनगर पुग्न समस्या हुने गरेको उनले गुनासो गरे ।

सिरहाबाट जनकपुरधाम पुग्न हुलाकी राजमार्गबाट ३० किलोमिटर पर्दछ भने महेन्द्र राजमार्ग भएर जाँदा ९० किलोमिटर पर्दछ ।

#### डाइभर्सन बगाउँदा डुंगाको सहारा

वर्षायामको समय शुरु भएसंगै कमला नदीमा निर्माणाधीन पुलको छेउमा रहेको अस्थायी डाइभर्सन बगाएको छ । वर्षातले डाइभर्सन बगाएपछि नदी वारपार गर्न स्थानीयवासीलाई डुंगाको सहारा लिनु परिरहेको छ ।

कमला नदीमा पानीको बहाव बढेसंगै भासिएर पुनः निर्माण भइरहेको कमला पुलको छेउमा दुईवटा बोट सञ्चालनमा आएको छ । धनुषा र सिरहाका स्थानीय अहिले जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् ।

# जैविक सुरक्षाका लागि भारतीय आँपमा कडाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । जेठ मसान्तसंगै जनकपुरधामका बजारहरूमा आँपको चहलपहल बढ्न थालेको छ । विगतका वर्षहरूमा यसपटक भारतबाट ठूलो परिमाणमा आयात हुने आँपले बजार ढाक्ने गर्थ्यो भने मधेशका धनुषा, महोत्तरी, सिरहा, सप्तरीलगायत जिल्लामा उत्पादन हुने स्वदेशी आँपले विस्तारै बजार पाउने अवस्था बन्थ्यो ।

तर यस वर्ष सामाजिक सञ्जाल र केही सञ्चारमाध्यममा 'नेपाल सरकारले भारतीय आँपमा पूर्ण प्रतिबन्ध लगाएको' भन्ने समाचार व्यापक रूपमा फैलिएको छ । फेसबुक, टिकटक तथा विभिन्न अनलाइन प्लेटफर्ममा भारतीय आँपमा अत्यधिक विषादी भेटिएकाले सरकारले नाकामै रोकेको दाबी गरिएपछि उपभोक्तामाझ अन्योल बढेको छ ।

केही भारतीय सञ्चारमाध्यमले समेत नेपालले भारतीय आँप आयातमा पूर्ण प्रतिबन्ध लगाएको भन्दै समाचार प्रकाशन गरेका छन् । तर कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रले यस्ता दाबी गलत भएको स्पष्ट पारेको छ ।

केन्द्रले भारतबाट आउने आँपमा पूर्ण प्रतिबन्ध नलगाइएको, बरु स्वदेशी कृषि उत्पादनलाई गम्भीर रोग र किराको जोखिमबाट जोगाउन आयात प्रक्रियामा कडा सर्त लागू गरिएको जनाएको छ । केन्द्रका वरिष्ठ बाली संरक्षण अधिकृत प्रकाश पौडेलका अनुसार सरकारले आँप आयात बन्द नगरेको, जैविक सुरक्षासँग सम्बन्धित मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था मात्र गरेको हो ।

उनले जनाए अनुसार भारतबाट आयात हुने आँपमा केही हानिकारक शत्रुजीव तथा रोगको जोखिम देखिएकाले अतिरिक्त सतर्कता अपनाइएको हो। यस्ता रोग तथा किराहरू नेपाल भित्रिए मधेशसहित देशभरका आँप बगैंचामा गम्भीर क्षति पुग्न सक्ने कृषि विज्ञहरूको चिन्ता छ ।

यसै कारण भारतबाट नेपाल भित्र्याइने आँपलाई 'हट वाटर ट्रिटमेन्ट' अर्थात् ४८ डिग्री सेल्सियस तापक्रमको पानीमा एक घण्टा उपचार गरिएको हुनुपर्ने र त्यसको प्रमाणसहितको स्वस्थता प्रमाणपत्र पेश गर्नुपर्ने सर्त लागू गरिएको छ । उक्त प्रमाणपत्रमा हानिकारक शत्रुजीव नरहेको स्पष्ट उल्लेख हुनुपर्ने व्यवस्था गरिएको छ । क्वारेन्टिन कार्यालयका अनुसार



यो निर्णय विषादी परीक्षणसँग सम्बन्धित नभइ पूर्ण रूपमा जैविक सुरक्षा उपाय हो । खाद्य गुणस्तर तथा स्वच्छताको परीक्षण सम्बन्धित निकायले गर्ने भए पनि रोग तथा किरा नियन्त्रणको जिम्मेवारी क्वारेन्टिन निकायको हो ।

नयाँ सर्त लागू भएपछि भारतबाट आँप आयातमा उल्लेखनीय कमी आएको छ । विगतमा सिजनको समयमा हजारौं टन आँप नेपाल भित्रिने गरेकोमा अहिले आयात घटेको बताइएको छ। भारतमा 'हट वाटर ट्रिटमेन्ट' गरी त्यसलाई आधिकारिक रूपमा प्रमाणित गर्ने प्रणाली पर्याप्त व्यवस्थित नभएकाले व्यापारीहरूलाई सर्त पूरा गर्न कठिन भइरहेको अधिकारीहरूको भनाइ छ ।

यद्यपि सर्त पूरा गरेर आउने आँपको आयात भने रोकिएको छैन । बजारमा अहिले पनि भारतीय आँप देखिनुको कारण पुराना आयात अनुमति पत्रहरू सक्रिय रहनु हो । आयात अनुमति पत्रको म्याद तीन महिनासम्म रहने भएकाले नयाँ व्यवस्था लागू हुनुअघि अनुमति लिएका व्यापारीहरूले पुरानै सर्तअनुसार आँप ल्याइरहेका छन् ।

क्वारेन्टिन तथा भन्सार प्रक्रिया फरक-फरक विषय भएको भन्दै सम्बन्धित निकायले आवश्यक प्रक्रिया पूरा नगरी भित्र्याइने आँप अवैध मानिने चेतावनी दिएको छ । क्वारेन्टिनको स्वीकृति विना केवल राजस्व तिरेर वस्तु भित्र्याउन नमिल्ने र त्यस्तो अवस्थामा सम्बन्धित कर्मचारीसमेत कानुनी कारबाहीको दायरामा आउन सक्ने व्यवस्था रहेको जनाइएको छ ।

मधेश प्रदेश आँप उत्पादनको प्रमुख क्षेत्र मानिन्छ । यहाँका किसानले वर्षौंदेखि भारतीय आँपको अत्यधिक आयातका कारण उचित मूल्य नपाउने गुनासो गर्दै आएका छन् । यस वर्ष लागू गरिएको जैविक सुरक्षा सम्बन्धी कडाइले स्वदेशी आँप उत्पादनलाई रोग-किराबाट जोगाउनुका साथै स्थानीय किसानलाई बजार विस्तारमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

तर फलफूल तथा तरकारी व्यवसायी संघका महासचिव भुवनेश्वर पुर्वेले केन्द्र सरकारले आँपसहित विभिन्न फलफूलमा प्रतिबन्ध लगाएपछि यसपटक व्यापार घाटा हुने बताए । उनले आँप, केरा, स्याउलगायतका फलफूलमा सरकारले प्रतिबन्ध लगाउँदै स्थानीय र स्वेदशी फलफूल बिक्रीवितरण भने पनि स्वेदशी फलफूल उत्पादन न्यूनका कारण पनि महँगी बढेको प्रस्ट्याए ।

त्यसैले नेपाल सरकारले भारतीय आँपमा पूर्ण प्रतिबन्ध लगाएको भन्ने प्रचार वास्तविकता नभइ भ्रम भएको सरकारी निकायको स्पष्ट भनाइ छ। हालको व्यवस्था आयात रोक्नेभन्दा पनि स्वदेशी कृषि उत्पादनको संरक्षण र जैविक सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले लागू गरिएको नियामक कदम हो ।

एनडीटीभीदेखि टाइम्स अफ इन्डियासम्मका सञ्चारमाध्यमले 'नेपालले भारतीय आँपमा प्रतिबन्ध लगायो' भन्ने शीर्षकका समाचार, भिडियो र अडियो रिपोर्टहरू सार्वजनिक गरेका छन् ।

गुणस्तर र किराको समस्याका कारण भारतीय आँपले अन्तर्राष्ट्रिय बजारमा पटक-पटक प्रतिबन्ध झेल्दै आएका उदाहरणहरू प्रष्ट छन् । सन् २०१४ मा युरोपेली संघले भारतीय आँपमा 'फ्रुट फ्लाई' नामक किरा भेटिएको भन्दै आयातमा रोक लगाएको थियो ।



# एनसेलका ग्राहकहरूलाई ६० प्रतिशतसम्म छुट




**टुडे समाचारदाता**

काठमाण्डू । एनसेलले सेवाग्राहीका लागि अल्टिमा लाइफस्टाइलका विभिन्न सामग्रीहरुको खरिदमा ६० प्रतिशतसम्म छुट सुविधा ल्याएको छ । एनसेल र अल्टिमा लाइफस्टाइलबीच भएको साझेदारीसँगै एनसेल ग्राहकहरूले अल्टिमाका विभिन्न ग्याजेटहरूमा छुट प्राप्त गर्ने भएका हुन् ।

यो अफरका लागि एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपांग दत्ता र अल्टिमा लाइफस्टाइलका प्रमुख कार्यकारी अधिकृत अमित अग्रवालले सम्झौतामा हस्ताक्षर गरेका छन् ।

रु ९९ वा सोभन्दा माथिको सक्रिय डेटा, भ्वाइस वा कम्बो प्याक उपभोग गरिरहेका एनसेलका प्रिपेड ग्राहक र रेन्टल प्लान सक्रिय रहेका पोस्टपेड ग्राहकहरू यो छुट योजनामा सहभागी हुन सक्नेछ । यस योजना अन्तर्गत खरिद गरिने कुनै पनि सामानको डेलिभरी नेपालभर हुने व्यवस्था अल्टिमा लाइफस्टाइले गरेको छ ।

एनसेल एपबाट मात्र सञ्चालनमा ल्याईएको यो योजना अन्तर्गत एनसेल ग्राहकहरूले अल्टिमाको लाइफस्टाइलका साउन्ड बार, स्पिकर, वायरलेस एअर बड, स्मार्टवाच, पावर ब्यांक लगायतका ग्याजेटहरूमा विशेष छुट प्राप्त गर्न सक्छन् ।

यो योजनाको लाभ उठाउन ग्राहकहरूले आफ्नो मोबाइलमा रहेको एनसेल एप खोलेर पार्टनर्ड सर्भिसेसमा गई अल्टिमा लाइफस्टाइल छान्नु पर्दछ । प्रयोगकर्ताको नाममा दर्ता भएको मोबाइल नम्बर मार्फत स्वतः योग्यता जाँच हुन्छ र ग्राहकले छुट सहितको तिर्नुपर्ने मूल्य एनसेल एपमै व्यवस्था गरिएको छ ।

"हामी हाम्रा ग्राहकहरूलाई अल्टिमा ग्याजेटहरूमा ६०% सम्म छुट प्रदान गर्ने योजना सञ्चालनमा ल्याउन पाएकोमा उत्साहित छौं," एनसेलका चीफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्ताले भने ।

# जेसीबीको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको मुजेलियामा भएको सवारी दुर्घटनामा एक मोटरसाइकल चालकको मृत्यु भएको छ । शुक्रवार बिहान ९ बजे जनकपुरधाम उपमहानगरपालिका-१४ स्थित जनकपुर डिजल सेन्टरबाट तेल हालेर सडकमा निस्किँदै गरेको जेसिबीले महेन्द्रनगरबाट जनकपुरधामतर्फ आइरहेको भारतीय नम्बर प्लेट (बिआर ३० एक्यु ०२५६) को मोटरसाइकललाई ठक्कर दिंदा दुर्घटना भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक महोत्तरीको मराशिसवा नगरपालिका-९ बथनाहाका ६५ वर्षीय विपिनकुमार झालाई तत्काल उपचारका लागि जनकपुरधामस्थित साई ट्र्मा अस्पताल लगिएको थियो । तर, उपचारका क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेका अनुसार दुर्घटनापछि जेसिबी चालक फरार भएका छन् । फरार चालकको खोजी कार्य तीव्र पारिएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनापछि केही समय उक्त क्षेत्रमा सवारी आवागमन प्रभावित भएको स्थानीयले बताएका छन् ।

# वडाध्यक्ष पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले बैंकिङ कसुर तथा अभद्र व्यवहारसम्बन्धी मुद्दामा जिल्लाको बर्दिवास नगरपालिका-९ का वडाध्यक्ष घुरन महतोलाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय बर्दिवासले फरार सूचीमा रहेका महतोलाई खोजी गर्ने क्रममा बर्दिवास क्षेत्रबाट नियन्त्रणमा लिएको जनाएको छ । उनीविरुद्ध स्थानीयवासीले दिएको उजुरीका आधारमा मुद्दा दर्ता भई अनुसन्धान प्रक्रिया अघि बढाइएको थियो ।

प्रहरीका अनुसार बैंकिङ कसुरसम्बन्धी मुद्दामा महतोविरुद्ध करिब एक महिनाअघि नै पक्राउ पुर्जी जारी भएको थियो । तर, लामो समयसम्म पक्राउ नपरेपछि प्रहरीको कार्यसम्पादनमाथि स्थानीयस्तरमा प्रश्न उठ्न थालेको थियो ।

इलाका प्रहरी कार्यालय बर्दिवासका प्रमुख डीएसपी गुरु प्रसाद तिमिल्सिनाले अदालतबाट म्याद थप गरी घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिए । उनका अनुसार बैंकिङ कसुरसँगै अभद्र व्यवहारसम्बन्धी आरोपमाथि पनि अनुसन्धान केन्द्रित गरिएको छ । प्रहरीले घटनासम्बन्धी प्रमाण संकलन तथा बयान लिने काम जारी रहेको जनाएको छ ।

# मृत फेला परिन् वृद्ध महिला

**टुडे समाचारदाता**

रौतहट । रौतहटको परोहा नगरपालिका-७नरकटिया गाउँकी एक वृद्धा महिला खेतमा मृत अवस्थामा फेला परेकी छन् । घटनालाई लिएर स्थानीयवासीले लुटपाटपछि हत्या गरिएको आशंका व्यक्त गरेका छन् ।



स्थानीय दीपनारायण पटेलकी ७० वर्षीया श्रीमती लखपतिया देवी शुक्रबार बिहान घरबाट खेतबारी हेर्न निस्किएकी थिइन्। केही समयपछि गाउँनजिकै रहेको राजपइन (कुलो) छेउको खेतमा उनको शव फेला परेको प्रहरीले जनाएको छ ।

घटनापछि गाउँमा शोकको वातावरण छाएको छ। स्थानीयका अनुसार वृद्धाले लगाउने सुनको नाकको फुली समेत नभेटिएकाले गहना लुटपाटका क्रममा हत्या भएको हुनसक्ने आशंका गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी बसन्त गौतमका अनुसार घटनास्थलको प्रारम्भिक अनुसन्धानका क्रममा मृतकको नाकबाट रगत बगेको देखिए पनि शरीरमा अन्य कुनै चोटपटक फेला परेको छैन ।

'शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाइएको छ। पोस्टमार्टम रिपोर्ट आएर अनुसन्धान पूरा भएपछि मात्र मृत्युको वास्तविक कारणबारे यकिन गर्न सकिन्छ,' उनले जनकपुर टुडेसँग भनेका छन् ।

प्रहरीले घटनाको विभिन्न कोणबाट अनुसन्धान अघि बढाएको जनाएको छ । यद्यपि हालसम्म मृत्यु लुटपाट, हत्या वा अन्य कुनै कारणले भएको हो भन्ने विषयमा निष्कर्षमा पुग्न नसकिएको प्रहरीको भनाइ छ। डिएस्पी गौतमले मृतकका छोराले हत्याको आशंका बारे जाहेरीमा उल्लेख नगरे पनि अनुसन्धान भइरहेको बताएका छन् ।

# 'उडान' कक्षाले किशोर किशोरीमा उत्साह

**टुडे समाचारदाता**

जनकपुरधाम । बालिका शिक्षा तथा सशक्तीकरण कार्यक्रमको सामाजिक विश्लेषण र कार्य प्याकेज कार्यान्वयनबाट प्राप्त सिकाई तथा उपलब्धीहरुको प्रदेश स्तरीय सिकाई आदान प्रदान कार्यशाला शुक्रबार जनकपुरधाममा सम्पन्न भएको छ ।



शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेशको सहकार्यमा केयर नेपालले आयोजना गरेको सो कार्यशालामा सिरहा जिल्लाको विभिन्न चार वटा स्थानीय तहमा संचालित उक्त परियोजनाले समाज उत्थानमा टेवा पुगेको सरोकारबालाहरुले जिकिर गरे ।

परियोजना संचालन गरिरहेको संस्था समग्र जनउत्थान केन्द्र, लहानका कार्यकारी निर्देशक अनिता चौधरीको अध्यक्षतामा भएको कार्याशालामा खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव सुशिल कुमार साहले परियोजना अन्तर्गत पछाडि परेका समुदायलाई समेत समेट्नुपर्नेमा जोड दिए। जुन समुदायको पहुँच छैन्, त्यस्तालाई अगाडि ल्याउनुपर्छ, उनले भने-यसतर्फ ध्यान दिनुपर्छ ।

सिरहाको भगवानपुर गाउँपालिकाकी नितु कुमारी पासवान परियोजना संचालनमा आएदेखि आफू पुनः विद्यालय भर्ना भएको सुनाइन् । कक्षा २ पढेर विद्यालय जान छाडेकी नितु उडान कक्षामा ११ महिनाको पढाई गरेपछि पुनः विद्यालय फर्केकी हुन् । उनी एकैपटक कक्षा ७ मा नामाकरण गराएर अहिले कक्षा १० मा अध्ययनरत्त छिन् । कक्षा ८ को बोर्ड परीक्षामा चार जीपीए ल्याएकी उनी हाल परिवारबाट पनि पर्याप्त सहयोग पाएकी छन् । उनी जस्तै नरहा गाउँपालिकाकी पूजा यादव पनि कुनै बेला विद्यालय छाडेर घरमै बस्थिन, अहिले भने उनी विद्यालयमा नियमित छिन् । सखुवा नन्कारकट्टी गाउँपालिकाकी रबिना पासवान पनि उडान कक्षामा सहभागी भएर विद्यालय भर्ना भएकी हुन् । नितिश कुमार महतो पनि विद्यालय छाडेर गल्ती गरेको स्वीकार गर्दै अव नियमित रुपमा जाने गरेको अनुभव सुनाए । उनले छोराछोरी बीचको विभेद अन्त्य गरेर अघि बढ्नुपर्ने धारणा समेत राखे । नितु, पूजा, रबिना र नितिश प्रतिनिधि पात्र मात्र हुन् । उनीहरु जस्तै कयौ किशोर किशोरी विद्यालयमा पुनः भर्ना भएर अहिले नियमित रहेको केयर नेपालका कार्यक्रम अधिकृत इन्दिरा थापाले बताइन् ।

केयर नेपालका एजुकेशन तथा स्कील लिडर रविन्द्र कुमारले कार्याशालाको उद्येश्यबारे चर्चा गर्दै सामाजिक विश्लेषण र कार्य प्याकेज कार्यान्वयनबारे प्रकाश पारेका थिए ।


उक्त परियोजना सिरहा जिल्लाको धनगढीमाई नगरपालिका, सखुवा नन्कारकट्टी गाउँपालिका, भगवानपुर गाउँपालिका र नरहा गाउँपालिकामा संचालनमा रहेको छ ।

नरहा गाउँपालिकाका अध्यक्ष रामप्रमोद यादव, उपाध्यक्ष गुलाबदेवी चौधरी, धनगढीमाई नगरपालिकाका उपप्रमुख संगिता चौधरी, भगवानपुर गाउँपालिकाका उपाध्यक्ष रेखा यादव, वडाध्यक्षहरु संजना सिंह, संजय यादव, शिक्षा विकास निर्देशनालयका निमित्त निर्देशक उद्धव राय यादव, शिक्षा तथा संस्कृति मन्त्रालयका किशोरी कापर लगायतको उपस्थिति रहेको थियो ।

सामाजिक विश्लेषण र कार्य प्याकेज कार्यान्वयनको सफल संयोजनले समुदायमा दिगो विकास, समावेशीकरण र प्रभावकारी नतिजा सुनिश्चित गर्न मद्दत गर्ने भएकोले यस प्रक्रियाबाट प्राप्त उपलब्धी र सिकाइहरूको आदान-प्रदान गर्दा आगामी कार्यक्रमहरूलाई थप पारदर्शी, लक्षित र प्रभावकारी बनाउन सकिने विश्वास कार्याशालामा व्यक्त गरिएको थियो ।

# खेतीको मुख्य याममा ट्रान्सफर्मर चोरीले किसान चिन्तित

सिरहा । सिरहाको गोलबजार नगरपालिका-१३ दुर्गापुरस्थित सिमरा चौरमा सिँचाइका लागि जडान गरिएको ११ हजार भोल्ट क्षमताको ट्रान्सफर्मर बुधबार राति चोरी भएपछि सयौं किसान प्रभावित भएका छन् । खेतीपातीको मुख्य याममा विद्युत् आपूर्ति अवरुद्ध हुँदा सिँचाइ सेवा ठप्प भएको छ ।



किसान दुर्गेशकुमार सिंहले धान तथा अन्य बाली लगाउने तयारी भइरहेका बेला ट्रान्सफर्मर चोरी हुँदा किसान समस्यामा परेको बतउनुभयो । "ट्रान्सफर्मर चोरी भएपछि अब डिजेल पम्प वा अन्य वैकल्पिक स्रोतको सहारा लिनुपरेको छ, यसबाट खेतीको लागत बढ्नेछ", उहाँले भन्नुभयो ।

किसान रामपृत यादवले खेती नै परिवारको मुख्य आम्दानीको स्रोत रहेको भन्दै ट्रान्सफर्मर चोरीले ठूलो असर परेको बताउनुभयो । उहाँले सिँचाइ अभावका कारण उत्पादन घट्ने चिन्ता व्यक्त गर्दै तत्काल विद्युत् सेवा पुनःस्थापना गर्न माग गर्नुभयो ।

सिरहामा पछिल्लो समय ट्रान्सफर्मर चोरीका घटना बढ्दै गएको देखिएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले ट्रान्सफर्मर चोरीका घटनाबारे जानकारी दिँदै भन्नुभयो, "हालसम्म ट्रान्सफर्मर चोरीसम्बन्धी १५ वटा उजुरी प्राप्त भएका छन् । प्राप्त उजुरीका आधारमा अनुसन्धान अगाडि बढाइएको छ र घटनामा संलग्न व्यक्तिहरूको खोजी भइरहेको छ।" उहाँका अनुसार नवराजपुर र बरियारपट्टी लगायतका क्षेत्रबाट पनि यस्ता घटनाका उजुरी आएका छन्। रासस

# सडकबाट उद्धार गरिएकामध्ये ४० प्रतिशतको परिवारसँग पुनर्मिलन

काठमाण्डु । उद्धार गरिएकामध्ये सडक सहयोगापेक्षी मानव ४० प्रतिशतलाई मात्रै परिवारसँग पुनर्मिलन गराउन सकिने बताइएको छ । मानव सेवा आश्रम उपत्यका इन्चार्ज कृष्ण पौडेलका अनुसार सडक आश्रित मानव अहिले परिवार भएर पनि विभिन्न बहाना वा समस्याका कारण सडकमा आउने गरेका छन् । उनीहरू परिवारसँग त्यति सजिलै जान मान्दैनन् । पटकपटकको प्रयासपछि बढीमा ४० प्रतिशतलाई परिवारसँग पुनर्मिलन गराउन सकिन्छ ।



उद्धार गरीएकामध्ये बढीभन्दा बढीलाई परिवारसँग मिलन गराउने आश्रको दायित्व र उद्देश्य हो, त्यसका लागि अहिले सडक सहयोगापेक्षीहरूको वास्तविकता पहिचान गर्न होल्डिङ सेन्टर सञ्चालनमा ल्याइएको छ । हाल काठमाडौँ उपत्यकामा दुईवटा होल्डिङ सेन्टर सञ्चालनमा रहेको छ ।

कामपा, पशुपति क्षेत्र विकास कोष र मानव सेवा आश्रमले गत वैशाख २३ गतेदेखि संयुक्त रूपमा वडा नं ८ तिलगङ्गामा सञ्चालन गरिएको सेन्टरमा पहिलो २८ जनालाई सेन्टरमा राखेर पहिचान गरिएको थियो ।

कामपाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले सेन्टरमा पुगेर पूर्वाधार, सुविधा, व्यवस्थापन र सहयोगापेक्षीका अपेक्षाका विषयमा जानकारी लिँदै उहाँले भन्नुभयो, "हामी काठमाडौँलाई सहयोगापेक्षी मुक्त बनाउन नेतृत्व गरिरहेका छौँ । सहरमा काम गर्न सक्ने व्यक्तिले श्रम गरेर खाने, श्रम बजारमा जान नसक्ने र दायित्व लिने कोही नभएकाको मानवोचित बसोबासका लागि कामपाले व्यवस्था मिलाउनेछ। यो कामलाई सफल बनाउन व्यक्ति परिवार, साझेदार सबैको समन्वय आवश्यक छ। मिलेर काम गरौँ।"

"पारिवारिक पुनर्मिलन पहिलो लक्ष्य हो, असहाय र बेवारिसेलाई मात्र आश्रममा राख्ने हो", उहाँले उद्धार गरिएकाहरूसँग कुरा गर्दै, पारिवारिक अवस्था, सडकमा आउनुपर्नाको कारण, शारीरिक अवस्था, परिवार र सरकारसँगका अपेक्षालगायत विषयमा जानकारी लिनुभएको थियो। खानपान र बसोबास व्यवस्थाको कुरा गर्दै उहाँले बिरामीलाई उपचारको व्यवस्था मिलाउन निर्देशनसमेत दिनुभएको थियो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सफलता सुनिश्चित हुनेछ । लगानी लाभदायक बन्नेछ ।
वृष : पुराना आकांक्षा पुरा हुने समय आएको छ । मिहिनेतको कदर हुनेछ ।
मिथुन : सकारात्मक सोच र पहलले अपेक्षित सफलता दिनेछ ।
कर्कट : अवरोध देखिए पनि धैर्यपूर्वक अघि बढ्दा उपलब्धि हासिल गर्न सकिनेछ ।
सिंह : पारिवारिक सहयोग र सहकार्य प्राप्त हुनेछ । यात्राको योजना बन्न सक्छ ।
कन्या : परिक्षा तथा प्रतिस्पर्धामा सफलता प्राप्त हुने संकेत छ ।
तुला : आकांक्षा सन्तुलित राख्दा लाभ हुनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ ।
वृश्चिक : आर्थिक योजना र पारिवारिक सहकार्यमा ध्यान दिनु उपयुक्त हुनेछ ।
धनु : सहकार्य र धैर्यले समस्या समाधान हुनेछ।
मकर : नयाँ काम थाल्न उपयुक्त समय हो ।
कुम्भ: काम र परिवारबीच सन्तुलन कायम गर्न सकिनेछ ।
मीन: व्यावसायिक सम्बन्धमा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# रावल आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णय

काठमाण्डु । सरकारले सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग)को प्रतिवेदन, २०५२ कार्यान्वयन गर्ने निर्णय गरेको छ । आजको मन्त्रिपरिषद् बैठकले विगत ३१ वर्षअघि सिफारिस भएर पनि हालसम्म कार्यान्वयनमा आउन नसकेको उक्त प्रतिवेदनलाई कार्यान्वयनमा लैजाने निर्णय गरेको हो ।

बैठकले सो प्रतिवेदन कार्यान्वयन गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट सरकारको नाममा जारी भएको निर्देशनात्मक आदेशलाई शिरोधार्य गरी प्रतिवेदन कार्यान्वयनमा लैजाने गर्ने भएको हो ।

सर्वोच्च अदालतको उक्त आदेशलाई टेकेर देशभर रहेका सरकारी तथा सार्वजनिक जग्गाको व्यवस्थित अभिलेख (लगत)राखी त्यस्ता जग्गाको संरक्षण गर्ने निर्णय भएको जनाइएको छ। बैठकले यी दुवै निर्णय कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिएको छ।

उक्त निर्णयसँगै २०२१ सालको नापीका आधारमा रावल आयोगको प्रतिवेदनले समेटेको तत्कालीन काठमाडौँ महानगर क्षेत्रका ३५ वटै वडामा अतिक्रमण भएका सम्पूर्ण (एक हजार ८५९ रोपनी १४ आना तीन पैसा तीन दाम) सार्वजनिक तथा सरकारी जग्गाहरू खाली गर्ने बाटो खुलेको छ । साथै, उल्लेखित सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमणकारीहरूलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने प्रक्रिया पनि अघि बढ्ने जनाइएको छ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले भन्नुभयो, "रावल आयोगको प्रतिवेदन त्यतिबेलै कार्यान्वयन हुनुपर्ने थियो, तर विडम्बना हुन सकेनको थिएन, आजको मन्त्रिपरिषद् बैठकको निर्णयसँगै प्रतिवेदन कार्यान्वयनमा लैजान बाटो खुलेको छ, यो काम भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित सबै निकायहरूसँगको समन्वयमा आवश्यक कानुनी प्रक्रिया पूरा गरेर सम्पादन गरिनेछ।"



उहाँका अनुसार काठमाडौँ महानगर क्षेत्रमा तत्कालीन समयमा १८ हजार ९४१ रोपनीभन्दा बढी सार्वजनिक तथा सरकारी जग्गा रहेकामा रावल आयोगले अध्ययन गर्दासम्म एक हजार ८५९ रोपनीभन्दा (करिब १० प्रतिशत) बढी जग्गा अतिक्रमण भइसकेको थियो । यस क्रममा एक हजार १८७ जना अतिक्रमणकारीहरूले ३०८ कित्ता सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी निजी प्रयोजनमा उपभोग गरिरहेको तथा थप छ हजार ९०६ जना अतिक्रमणकारीहरूले एक हजार ७६२ कित्ता सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी आफ्नो निजी जग्गामा घुसाउँदा जम्मा आठ हजार ९३ जना अतिक्रमणकारीहरूले दुई हजार ७० कित्ता सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भएको थियो।

तत्कालीन सरकारले सरकारी तथा सार्वजनिक जग्गाको व्यापक अतिक्रमण, गैरकानुनी दर्ता तथा सार्वजनिक सम्पत्तिको संरक्षणसम्बन्धी गम्भीर समस्या समाधान गर्ने उद्देश्यले २०५० साल असोज २१ गते तत्कालीन पूर्वसचिव रामबहादुर रावलको अध्यक्षतामा यो उच्चस्तरीय आयोग गठन गरेको थियो ।

आयोगले काठमाडौँ नगर क्षेत्रभित्र भएका सरकारी तथा सार्वजनिक जग्गाहरूको अतिक्रमणको अवस्थाबारे विस्तृत अध्ययन गरी २०५२ सालमा सुझावसहितको आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको थियो । आयोगले प्रतिवेदन बुझाए पनि राजनीतिक र प्रशासनिक उदासिनताका कारण यो प्रतिवेदन कार्यान्वयनमा आएको थिएन।

प्रतिवेदन आएको आठ वर्षपछि अधिवक्ता प्रकाशमणि शर्मासमेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाई रावल आयोगको प्रतिवेदन, २०५२ को कार्यान्वयनकालागि परमादेशसमेत माग गरी सर्वोच्च अदालतमा २०६० सालमा रिट दर्ता गर्नुभएको थियो ।

उक्त रिट निवेदनको सुनुवाइका क्रममा रावल आयोगको प्रतिवेदन कार्यान्वयनका सम्बन्धमा विशेषज्ञ सम्मिलित समितिद्वारा अध्ययन गर्न उपयुक्त देखिएकाले सर्वोच्च अदालतको २०६६ साल जेठ १७ गतेको इजलासले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयका सचिवको संयोजकत्वमा विशेषज्ञ समिति गठन गरी सुझावसहितको प्रतिवेदन पेस गर्ने आदेश दिएको थियो । सो विशेषज्ञ समितिले काठमाडौँबाहेक देशका अन्य स्थानहरूमा भएका सरकारी जग्गाहरूको अतिक्रमणको विषयमा समेत छानबिन गर्नुपर्ने सुझावसहितको प्रतिवेदन २०६६ चैत १ गते पेस गरेको थियो ।

> "रावल आयोगको प्रतिवेदन त्यतिबेलै कार्यान्वयन हुनुपर्ने थियो, तर विडम्बना हुन सकेनको थिएन, आजको मन्त्रिपरिषद् बैठकको निर्णयसँगै प्रतिवेदन कार्यान्वयनमा लैजान बाटो खुलेको छ, यो काम भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित सबै निकायहरुसँगको समन्वयमा आवश्यक कानुनी प्रक्रिया पूरा गरेर सम्पादन गरिनेछ ।"

विशेषज्ञ समितिको उक्त प्रतिवेदनसमेतको अध्ययनपश्चात् सर्वोच्च अदालतले २०६७ जेठ १२ गते रिट निवेदनमा अन्तिम सुनुवाइ गर्दै "विशेषज्ञ समितिको प्रतिवेदनअनुसार रावल आयोगको प्रतिवेदन कार्यान्वयन हुन र देशका अन्य स्थानहरूमा भएको सरकारी तथा सार्वजनिक जग्गाहरूको अतिक्रमणको विषयमा समेत छानबिन गरी कानुनबमोजिम कारबाही गर्न वाञ्छनीय देखिएकाले सो कार्यलाई उच्च प्राथमिकता प्रदान गरी छिटो कार्यान्वयन गर्नू/गराउनू", भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो ।

सर्वोच्च अदालतको स्पष्ट आदेश र चौतर्फी जनदबाबका बाबजुद पनि तीन दशकसम्म गठन भएका कुनै पनि सरकारले यस आदेशलाई कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्ति देखाउन सकेका थिएनन् । बरु, प्रतिवेदन र सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको कार्यान्वयनलाई थप अध्ययन तथा प्रक्रियाका नाममा विभिन्न समितिहरू गठन गर्दै अल्झाएर राखिएको थियो।

गत वर्ष चैत १३ गते प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेपछि वालेन्द्र शाह र उहाँको सचिवालय रावल आयोगको प्रतिवेदन र सर्वोच्च अदालतको निर्देशानात्मक आदेश कार्यान्वयनका सम्बन्धमा गम्भीर बनेको थियो ।

यस्तै, नीति अनुसन्धान प्रतिष्ठानले यो प्रतिवेदन र सोको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेश (२०६७) सम्बद्ध टिप्पणीसहितको सङ्क्षेपीकरण तथा सुझाव प्रतिवेदन, २०८३ शीर्षकको मामला अध्ययन प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा पेस गरेको थियो।

सरकारको यस निर्णयसँगै राज्यको स्रोत र सार्वजनिक सम्पत्तिको रक्षा गर्ने, सुशासन कायम गर्ने र विधिको शासन स्थापित गर्ने सरकारको सङ्कल्प व्यावहारिक रूपमा रूपान्तरण हुने विश्वास लिइएको जनाइएको छ । रासस

# अध्ययन भिसा सिफारिस प्रकरणमा छानबिन गर्न समिति गठन



काठमाण्डु । शिक्षा तथा खेलकुद मन्त्रालयले अध्ययन भिसा सिफारिसका विषयमा कर्मचारीको संलग्नताका सम्बन्धमा छानबिन गर्न तीन सदस्यीय समिति गठन गरेको छ।

अध्ययन भिसा सिफारिसका सम्बन्धमा पेस गरिएका पत्र तथा कागजात नक्कली भएको बारेमा मन्त्रालयका कर्मचारीहरूको सम्भावित संलग्नता छानबिन गर्न मन्त्रीस्तरीय निर्णयअनुसार समिति गठन गरिएको जनाइएको छ।

मन्त्रालयका सहसचिव चन्द्रकान्त भुसालको संयोजकत्वमा समिति गठन गरिएको हो। समितिका सदस्यमा मन्त्रालयकै उपसचिव (कानुन) गोपीकृष्ण रेग्मी र शाखा अधिकृत गुणराज भट्टराई रहनुभएको छ।

समितिलाई घटनासँग सम्बन्धित मन्त्रालयका कर्मचारीहरूको भूमिका तथा जिम्मेवारीबारे आवश्यक अनुसन्धान गरी सात दिनभित्र प्रतिवेदन पेस गर्ने कार्यादेश दिइएको मन्त्रालयले जनाएको छ। अध्ययन भिसा सिफारिस प्रक्रियामा कर्मचारीहरूको संलग्नता, कागजात प्रमाणीकरणको अवस्था तथा प्रक्रियागत कमजोरीबारे समितिले अध्ययन गर्नेछ।

मन्त्रालयका अनुसार वाल्मीकि विद्यापीठको नामबाट अध्ययन भिसा सिफारिसका सम्बन्धमा पेस गरिएका पत्र तथा कागजातहरू नक्कली रहेको देखिएपछि छानबिन प्रक्रिया अघि बढाइएको हो । सोही आधारमा मन्त्रालयले यसअघि सिफारिस गरिएका विदेशी नागरिकहरूको भिसासम्बन्धी थप प्रक्रिया अगाडि नबढाउन सम्बन्धित निकायलाई अनुरोध गरिसकेको छ।

मन्त्रालयले अध्ययन भिसा प्रणालीको विश्वसनीयतासँग जोडिएको यस घटनालाई गम्भीर रूपमा लिँदै अनुसन्धानको निष्कर्षका आधारमा थप प्रशासनिक तथा कानुनी निर्णय लिइने पनि स्पष्ट गरेको छ।

यसअघि अध्ययन भिसा सिफारिस प्रक्रियामा शङ्कास्पद कागजात र नक्कली रसिद प्रयोग भएको आशंका देखिएपछि गृह मन्त्रालयलाई पत्राचार गरेको थियो । मन्त्रालयले उक्त घटनालाई अध्ययन भिसा प्रणालीको विश्वसनीयतासँग जोडिएको गम्भीर विषयका रूपमा लिँदै अनुसन्धानको निष्कर्षका आधारमा आवश्यक प्रशासनिक तथा कानुनी निर्णय गरिने जनाएको छ। रासस

# शिक्षाले पार्ने प्रभावको कथामा 'गौँथली'




काठमाण्डु। नेपाली कथानक चलचित्र 'गौँथली' मा शिक्षाले पार्ने प्रभाव र महत्वलाई देखाइएको डा भोला रिजालले बताउनुभएको छ । उक्त चलचित्रका कथाकार र गीतकारसमेत रहनुभएका डा रिजालले चलचित्रमा देखाइएको कथा आफ्नै परिवारको जीवनसँग प्रेरित रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "मेरो विवाह हुँदा मेरी श्रीमतीलाई पढाउने भनेर ल्याएका थियौँ, त्यो केही समय रोकियो तर पछि उनले आफ्नो अध्ययन पूरा गरिन्। एउटा गाउँमा अध्ययनरत युवतीको विवाह भएपछि उसले अध्ययनलाई निरन्तरता दिन गर्ने सङ्घर्षको कथा हो। मैले 'गौँथली' शीर्षकमै गीति कथानक चलचित्र बनाएको थिएँ, अहिले छोराले संवादसहितको चलचित्र नै बनाएको छ।"

डा रिजालकै छोरा डा कपिल रिजालले 'गौँथली' निर्देशन गर्नुभएको छ । शिक्षाले एउटा व्यक्ति मात्र नभई उसको परिवार, उ बस्ने समाज र उसको राष्ट्रलाई कसरी टेवा पुग्छ भन्ने सन्देशलाई चलचित्रको कथासार बनाइएको निर्देशक रिजालले बताउनुभयो।

"यसलाई अहिले चलचित्रकै स्वरूपमा ल्याउनुपर्छ भन्ने लागेर पितासँगको सल्लाहमा चलचित्र तयार गरेँ । यसले हामीलाई चलचित्र भवनभित्र हसाउने र रुवाउने काम गर्छ, तर बाहिर निस्कँदा यसले दिने सन्देशले समाजमा पक्कै परिवर्तन ल्याउँछ। यो चलचित्र भवनमा मात्र नभइ समाजसम्म पुगेर छलफल हुने विषयमा तयार गरेका छौँ", निर्देशक रिजालले भन्नुभयो।

अभिनेता अरुण क्षेत्रीको असामान्य व्यवहार हेर्दा उहाँ कुनै रोगले पीडित देखिनुभएको छ भने उहाँको विवाह कम उमेरकी युवतीसँग भएको देखाइएको छ । स्कुले विद्यार्थी झैं देखिने उक्त युवतीको भूमिका अभिनेत्री सिम्रन खड्काले निर्वाह गर्नुभएको छ। हेर्दा असामान्य लाग्ने जोडीले विवाहपछि सामना गर्ने चुनौतीकै कथामा चलचित्र तयार गरिएको अभिनेता क्षेत्रीले बताउनुभयो।

उहाँले भन्नुभयो, "पढ्ने रहर हुँदाहुँदै कम उमेरमै विवाह गर्नुपरेकी युवती र असामान्य व्यवहार देखाउने जोडीको कथामा चलचित्र तयार भएको छ । झट्ट हेर्दा असामान्य देखिने जोडीले जीवनमा भोग्ने उतारचढावमा शिक्षाले पार्ने प्रभाव चलचित्रमा देखाइएको छ। गम्भीर विषयमा सरल चलचित्र बनाउने कोसिस गरेका छौं।"

उक्त चलचित्रमा मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारले अभिनय गर्नुभएको छ । निर्देशक रिजालकै पटकथा रहेको उक्त चलचित्रको संवाद निश्चल कुँवर, नीरज नेपाल र गिरीराज घिमिरेले संयुक्त रूपमा तयार गर्नुभएको हो।

उक्त चलचित्रलाई सुमन गिरी र निर्देशक रिजालले संयुक्त रूपमा निर्माण गर्नुभएको हो । चलचित्र आगामी साउन १ मा नेपालभर प्रदर्शन हुँदैछ। रासस

# ट्रेड युनियन खारेज विरुद्धको रिटमा अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार




काठमाण्डु । ट्रेड युनियन खारेज गर्ने निर्णय विरुद्ध परेको रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको छ।

प्रधान न्यायाधीश डा मनोजकुमार शर्मा, न्यायाधीशहरु डा नहकुल सुवेदी, विनोद शर्मा, अब्दुल अजीज मुसलमान र महेश शर्मा पौडेलको संवैधानिक इजलासमा यही जेठ २० गते सुरु भएको सुनुवाइ आज सकिएपछि यसअघि दिएको अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको हो । अदालतको आदेशसँगै ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन गर्न सरकारलाई बाटो खुलेको छ।

यसअघि, गत वैशाख २८ गते तत्कालीन कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरु कुमार रेग्मी, हरिप्रसाद फुयाल, विनोद शर्मा र शारङ्गा सुवेदीको संवैधानिक इजलासमा सुनुवाइ गर्दै राय बाझी आदेश गरेको थियो । तत्कालीन कायममुकायम प्रधानन्यायाधीश मल्ल, न्यायाधीशहरु रेग्मी र फुयालले सरकारको उक्त निर्णय कार्यान्वयन नगर्न अल्पकानीन अन्तरिम आदेश गर्नुभएको थियो भने न्यायाधीशहरु विनोद शर्मा र शारङ्गा सुवेदीले भने फरक मत राख्दै अपूरणीय क्षति नपुग्ने भएकाले अल्पकालीन आदेश दिने विषयमा सहमति नभएको जनाउनुभएको छ।

अदालतले यस विवादमा दुवै पक्षलाई छलफलका लागि बोलाउँदै महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनेको थियो।

नेपाल निजामती कर्मचारी सङ्गठन केन्द्रीय कार्य समितिको तर्फबाट अख्तियार प्राप्त अध्यक्ष भवानी दाहालसमेतले राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाइ ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न आदेशको माग गरिएको थियो। रासस

# अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८३ माथि विचार गरियोस् प्रस्ताव स्वीकृत



काठमाण्डु। प्रतिनिधिसभाको आजको बैठकले 'अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेलले राष्ट्रियसभामा उत्पत्ति भएको सो विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेस गर्नुभएको थियो । सांसदहरुले राख्नुभएको जिज्ञासाको जवाफमा मन्त्री पौडेलले अमूर्त सम्पदाको संरक्षणको महत्वपूर्ण पक्ष आर्थिक उपार्जनको एउटा गोरेटो खोल्नु पनि भएको बताउनुभयो । उहाँले अमूर्त सम्पदाको संरक्षणका लागि सरकारका तर्फबाट विशेष पहल र प्रयास हुने बताउनुभयो।

सरोकारवाला निकायको उत्तिकै साथ र सहयोग रहनुपर्ने मन्त्री पौडेलको कथन थियो। विधेयकले राष्ट्रिय स्वाभिमानको जगेर्ना गर्ने, नेपाली हुनुको पहिचानको सही अर्थ दिने र हामीले अभ्यास गर्दै आएको ऐतिहासिक, पारम्परिक ज्ञान पद्धतीलाई मान्यता दिने स्पष्ट पार्नुभयो।

संस्कृतिलाई पर्यटनसँग जोड्नका लागि अधिकतम प्रयास आवश्यक रहेको उल्लेख गर्दै मन्त्री पौडेलले नेपालका अनकेन जात्रा र पर्व त्यसका उदाहरण भएको उल्लेख गर्नुभयो।

त्यसअघि सांसदहरु कृपया महर्जन, प्रकाशचन्द्र परियार, प्रमिलाकुमारी गच्छदार, गणेश कार्की, समीक्षा बाँस्कोटा, अनुष्का श्रेष्ठ, रिमा विश्वकर्मा, ताहीर अलि भाट, रञ्जु न्यौपाने, परशुराम तामाङ, राजीव खत्री, गुरुप्रसाद बराल, रुकेश रञ्जित, आशिष गजुरेल, रहवर अन्सारी, भरत गिरी, भीमकुमारी बुढा, सुम्निमा उदास, सुलभ खरेल, सजिता खातुन सिद्धिकी, विश्वराज पोखरेले, मदनकृष्ण श्रेष्ठ, मनमाया विश्वकर्माले विधेयकको विविध पक्षमा आफ्नो धारणा राख्नुभएको थियो।

बैठकमा युवा, श्रम तथा रोजगारमन्त्रीको कार्यभार सम्हाल्नुभएका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले 'अन्तरराष्ट्रिय श्रम सङ्गठनको श्रम निरीक्षणसम्बन्धी महासन्धी, १९४७ नं ८१' पेस गर्नुभयो । 'अन्तरराष्ट्रिय श्रम संगठनको बाध्यकारी श्रम महासन्धि, १९३० सम्बन्धी स्न २०१४ को प्रोटोकल नं २९ ' पेस गर्नुभयो।

प्रतिनिधिसभाको अर्को बैठक आगामी असार १ गते सोमबार बिहान ११ बजे बस्नेछ। रासस

# हस्तपुरमा दरबार निर्माण भएपछि पर्यटन प्रवर्द्धन हुँदै

पाँचथर । लिम्बूवानका अन्तिम राजा हिलिहाङ योङहाङले शासन सत्ता सञ्चालन गरेको स्थान हिलिहाङ गाउँपालिका-४ हस्तपुरमा प्यागोडा शैलीको दरबार निर्माण भएपछि पर्यटकको आकर्षण बढेसँगै आन्तरिक पर्यटन प्रवर्द्धन हुन थालेको छ । धार्मिक, ऐतिहासिक र पुरातात्विक दृष्टिले महत्वपूर्ण हिलिहाङ दरबार क्षेत्रमा पूर्वाधार विस्तार गरिएपछि पर्यटन प्रवर्द्धनको माध्यम बनेको हो।

दरबार क्षेत्रमा प्यागोडा शैलीको तीनतले दरबार निर्माण भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय र हिलिहाङ गाउँपालिकाको साझेदारीमा रु दुई करोड ५१ लाख ६८ हजारको लागतमा दरबार निर्माण भएको गाउँपालिका कार्यालयले जनाएको छ । मन्त्रालयको ७० प्रतिशत र गाउँपालिकाको ३० प्रतिशत लागतमा निर्माण भएको दरबारका संरचना भगवती बौद्ध जेभी इलामले निर्माण गरेको हो।

दरबारमा अवलोकनका अन्य सामग्री नभए पनि यसको आकर्षक बनोट, यहाँको भूगोल र इतिहासप्रतिको चासोले पर्यटकलाई आकर्षण गर्ने गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीले बताउनुभयो। उहाँका अनुसार यहाँ पुग्ने पर्यटकले राजा हिलिहाङको समयका बैठकस्थल, राजसभास्थल, पर्खाल, दरबारमा प्रयोग भएका ईँटा, खड्पललगायत संरचनाको अवलोकन गर्न पाउँछन् । त्यस्तै राजा हिलिहाङले शक्ति प्राप्त गरेको विश्वास गरिने युमा साम्माङ माङ्युक्ना हिम (महारानी शक्तिपीठ) को दर्शन गर्ने प्रचलन रहिआएको उहाँले जानकारी दिनुभयो।

नेपालको संविधानबमोजिम स्थानीय तह पुनर्संरचनाका क्रममा साविकका भारपा, सुभाङ, पञ्चमी र अमरपुरलाई



जोडेर हिलिहाङ गाउँपालिका बनेपछि राजा हिलिहाङ तथा उहाँको दरबारबारे खोजी सुरु भएको थियो । हिलिहाङ फाउन्डेसनले मेची राजमार्गको याङवरक गाउँपालिका-६ नागीमा प्रवेशद्वार निर्माण गर्नुका साथै हिलिहाङ दरबार अगाडि सालिक निर्माण गरेको छ।

गाउँपालिकाले हिलिहाङ महोत्सव गर्नुका साथै कोशी प्रदेश सरकारसँगको साझेदारीमा सङ्ग्रहालय स्थापना गरेपछि यस क्षेत्रबारे थप चासो बढेको अध्यक्ष अधिकारीले बताउनुभयो । उहाँका अनुसार पुरातत्व विभागले हिलिहाङ दरबार क्षेत्रको पुरातात्विक सम्पदाबारे खोजी गरिरहेको छ।

समुद्री सतहबाट एक हजार ८२० मिटर उचाइमा पर्ने हिलिहाङ दरबार क्षेत्र जङ्गलको बीचमा अवस्थित छ । शान्त, एकान्त र सुन्दर हरियालीमा अवस्थित यस पर्यटकीय क्षेत्रसम्म गाउँपालिकाको पहलमा सडक विस्तार भएपछि पर्यटकको आवागमन सहज भएको छ। गाउँपालिकाले पाँच वर्ष अघिदेखि राजा हिलिहाङको जन्मोत्सव मनाउन थालेको अध्यक्ष अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार हिलिहाङ दरबार क्षेत्रलाई पर्यटकको आकर्षण बनाउने, हिलिहाङ राजाको शासनकालका सामग्री सङ्कलन गरी सङ्ग्रहालयमा राख्ने प्रयास भइरहेको छ। दरबार क्षेत्रसँगै जोडिएको भोटेगढीसहित पर्यटकीय क्षेत्रमा पर्यटन पूर्वाधार विकास र प्रचारप्रसारमार्फत पर्यटन प्रवर्द्धन गर्न पालिकाले लगानी गरिरहेको उहाँले बताउनुभयो।

"नेपाल एकीकरणका क्रममा तत्कालीन गोरखा फौजसँग हिलिहाङको फौज १७ पटकसम्म अपराजित रहेको विश्वास गरिन्छ। तर विसं १८३१ साउनमा राजा हिलिहाङले नेपाल एकीकरण अभियानलाई सहजीकरण गर्दै याङवरक थुम (जिल्ला)लाई नेपाल मातहत राखी स्वशासनको अधिकार लिनुभएको इतिहास छ। विसं १८४२ मा हिलिहाङको अकस्मात मृत्यु भएपछि याङवरक थुम पूर्णतः नेपाल मातहतमा गाभियो । यही आधारमा हिलिहाङलाई लिम्बूवानका अन्तिम राजा भन्ने गरिन्छ", अध्यक्ष अधिकारीले भन्नुभयो।

पराक्रमी मानिने राजा हिलिहाङको निधनपछि उहाँसँग रुष्ट पक्षले दरबार र राज्यसत्तामा दखल दिएकाले छ। रासस

# नेपाल आँखा अस्पतालको सेवा आइतबार पनि

काठमाण्डु । त्रिपुरेश्वरस्थित नेपाल आँखा अस्पतालले बिदाको दिन आइतबार पनि नियमित सेवा सञ्चालन भइरहेको जनाएको छ।

नेपालकै पहिलो आँखा अस्पतालका रूपमा परिचित यस अस्पतालले आइतबारदेखि शुक्रबारसम्म नियमित रुपमा सेवा उपलब्ध गराउँदै आएको छ । अस्पतालमा हरेक दिन बिहान ८:३० बजेदेखि बिरामी दर्ता सुरु हुने र दिउँसो ३ बजेसम्म विशेषज्ञ चिकित्सकद्वारा जाँच तथा उपचार सेवा प्रदान गरिने व्यवस्था गरिएको अस्पतालका प्रमुख कार्यकारी अधिकृत धर्मराज गोसाइँले जानकारी दिनुभयो।

अस्पतालले आधुनिक पूर्वाधार, अत्याधुनिक उपकरण तथा अनुभवी नेत्ररोग विशेषज्ञ, अप्टोमेट्रिस्ट, नर्सिङ तथा प्राविधिक जनशक्तिमार्फत आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । अस्पतालमा हाल १६ जना नेत्र विशेषज्ञ, १ जना एनेस्थेसियोलोजिष्ट, ७ जना अप्टोमेट्रिष्ट, ३ जना फेलो समेत गरी जम्मा १५० जना कर्मचारी छन् । अस्पतालमा दैनिक करिव ७०० देखि ९०० बिरामीले सेवा लिने गरेका छन् भने मोतिबिन्दु, रेटिना, जलविन्दु, कर्निया तथा बाल आँखा रोग सम्बन्धी जटिल उपचार तथा शल्यक्रियासमेत नियमित रूपमा सञ्चालन हुने गरेको छ।

नेपाल आँखा अस्पतालबाट बहिरङ्ग सेवा, विशेषज्ञ परामर्श सेवा, मोतिबिन्दु क्लिनिक, बाल आँखा सेवा, अर्थोप्टिक्स सेवा लगायतका विविध उपचार सेवा उपलब्ध छन् । त्यसैगरी, २४ सै घण्टा आकस्मिक सेवा तथा अन्तरङ्ग (इन-पेसेन्ट) सेवा सञ्चालनमा रहेका छन। रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। महिनावारी स्वच्छता ।।

म छु जातिले नारी, मेरो हुन्छ महिनावारी
गर्छु आफै हिम्मत बोक्छु आफ्नो जिम्मेवारी
हरेक महिना बग्छ रगतको खोला
तर म बोक्छु स्वच्छ प्याडको झोला॥
कमजोरी हुन्छ तर म कमजोर होइन
रगत बग्छ तर यो कुनै रोग होइन
सहन्छु हरेक महिनाको दर्दमय कष्ट
तर कहिले हुन दिएन आफुलाई नष्ट
नलजाउ नघिन मानौ यो हाम्रो वरदान हो
हामी महिला भएर जन्मेको यो ठुलो परमाण हो
पाठेघर हो हामी मानवको पहिलो घर
जहाँ हामी लिन्छौ जन्म भन्दा पहिले शरण॥
सफा प्याड लगाउनु पर्छ पोसिलो खाना खानु पर्छ
समय समय मा डाक्टर कहाँ पनि जानुपर्छ
त्यसैले यसको स्वच्छतालाइ दिनुपर्छ प्राथमिकता
यसको सरसफाई र स्वस्थ छन आजको ठुलो आवश्यकता॥



नाम: शुशिला महतो ( शिक्षक)
ठेगाना: धनुषाधाम ६

## ।। सम्मान ।।

अहाँ राम बनू, हम सीता बन ला तैयार छी।
अहाँ पकडू हाथ, हम साथ चल ला तैयार छी।
अहाँ सम्मान करू, हम मर्यादा मे रह ला तैयार छी।
अहाँ कर्म करू, हम वनवास काट ला तैयार छी।
दुख सहि सकै छी सब मुदा, अहाँ बिनु जीवन काइट नै सकै छी।
एतेक जानि लिय, हम अहाँ के केकरो साथ बाइट नै सकै छी।
किछ हम सहब, किछ अहाँके सुन परत ॥
ऐना क दुख-सुख बाइट सकै छी मुदा,
बात अगर सम्मान पर आयल त सुन्लिय
हम केकरो खुशी के खातिर अपन इज्जत सूली पर टाइक नै सकैछी।



लेखक: अञ्जली झा
स्थान: मिथिला बिहारि नगरपालिका- १० ठेरा

## ।। प्रेमको कुवा ।।

मेरो जिवनमा कोइ आयो।
बारम्बार मिलन हुन थाल्यो।
उसले भन्यो तिम्रो मन त मेरो जस्तै
कुरा, भावना, सोचाइ कस्तो उस्तै उस्तै।
जसरी कुवामा हेर्दा देखिन्छ आफ्नो आकृती उस्तै।
उ जस्तो त थिएन तर भएको थिए उस्तै उस्तै।
यति नजिक भयौं जसरी नरिवल र त्यस भित्र पानी।
दुई शरीर भएपनी एउटै हौ जस्तो लाग्थ्यो हामी।
नरिवल भित्रको पानी पनि निस्किदो रहेछ।
जति मजबुत सम्बन्ध पनि टोडिदो रहेछ।
म त कुवा भएछु,
मैले उस्को जस्तै आकृती देखाउने रहेछु।
म त पानी भएछु।
किन यति नजिक छौ भनेको त,
उस्को प्यास बुझाउने रहेछु।



लेखक :- मुकेश कुमार यादव
ठेगाना :- सबैला ११ इनर्वा

## ।। पानीको महिना ।।

पानीको महिना आयो, बादलले गीत सुनायो,
हरियालीको चादर ओढी, धरतीले रूप सजायो।
टिपटिप पानी झर्छ छाना, मनमा खुशी छाउँछ,
खेतबारीमा किसानको, आशाको बीउ उम्राउँछ।
खोलानाला भरिएर बग्छन्, कलकल धुन बजाउँछन्,
चराचुरुङ्गी रमाउँदै, नयाँ सपना सुनाउँछन्।
रोपाईको बेला आयो, खेतमा रमाइलो छ,
हिलोमाटो खेल्दै गाउँ, हाँसोले भरिएको छ।
मेघ गर्जेर पानी पार्छ, प्रकृतिले प्रेम देखाउँछ,
पानीको यो सुन्दर महिना, जीवनमा रंग भराउँछ।
झरीसँगै खुशी आउँछ, हरियालीले मन जित्छ,
पानीको महिना प्रिय लाग्छ, हरेक मुटुमा बस्छ।



लेखक: बब्लु शर्मा
ज.उ. न. पा. ७

## ।। समाजको पिडा ।।

जातको नामले टुक्रिएको समाज,
मानिसको मनमा किन यति धेरै विभाज?
उस्तै रगत, उस्तै श्वास,
तर भिन्नै जात भनेर किन हुन्छ त्रास?
कोही माथि, कोही तल भनी,बनाइयो विभाजन,
लाज लाग्दैन र हनी?
श्रम गर्ने हातलाई "तल्लो" भनिन्छ,
धर्मको नाममा विभेद किन गरिन्छ?
आमा एउटै माया गर्छिन्,
पानी एउटै तिर्खा मेट्छ।
तर मान्छे मान्छेलाई जातले हेर्छ,
यो अन्याय कहिलेसम्म सहन्छ?
विद्या पढेपछि पनि मन अन्धो,
जातकै नाममा किन हुन्छ यो धन्धा?
मानवता भन्दा ठूलो केही छैन,
तर जातले मानिसलाई सानो ठान्छ, यो ठीक छैन।
हाम्रो साझा भूमि, साझा आकाश,
किन बनायौ जात भनेर खाल्डो र वास?
म त भन्छु–
जात त केवल किताबको अक्षर हो,
मानिस त प्रेम र समानताको चित्र हो।



लेखक:- बिरेन्द्र कुमार चौधरी
ठेगाना:- मि.न.पा.०३,हरिहरपुर, धनुषा

## ।। पृथ्वी ।।

आऊ मलाई श्रृंगार गर
तिमि जति खन्दै मलाई चिथोरछौ
म्वाई खाएजस्तो
म उतिनै आनन्दीत हुन्छु।
आऊ म मा निखार भर
तिमि जति जति घाऊ पार्छौ
दुःख दिएको भान तिमी लाई हुन्छ
म उतिनै आनन्दित हुन्छु।
आऊ मेरो गौरव बढाउन
तिमि जति मेरो ऊंचाई पार गर्छौ
भयभीत तिमी हुन्छौ
म उतिनै आनन्दित हुन्छु।
आऊ तिमी मेरो सम्मान गर
तिमी जति गहराई मा जान्छौ
उतिनै शितलता दिन्छु
म उतिनै आनन्दित हुन्छु।
आऊ अब ध्याण गर।
यस वाहेक अब केही छैन
तिमि जति मेरो का'खमा आराम गर्छौ
म उतिनै आनन्दित हुन्छु।
धर्ती मा छौ तिमि अहिले
स्वर्ग को कल्पणा गर्ने छौ जहिले
तिम्रो सपना लाइ साकार पार्न
यस पृथ्वी को केहि भु-भाग लाइ स्वर्ग नै बनाइदिन्छु
तिमिलाई आनन्दित बनाइदिन्छु



कवि प्रमोद राम
जनकपुरधाम

## ।। सिउँदो ।।

यो मानिसको जीवन कस्तो
त्यसमा पनि महिलाको जिन्दगी,
त भन् कै कस्तो कस्तो
बैरागलाग्दो।
एक चुट्की सिन्दूर सिउँदोमा रहँदा,
श्रीमान् अपाङ्ग र पक्षघात भएपनि,
आफूसँगै साथमा रहँदा,
यो समाजमा मानिसको
हेर्ने दृष्टिकोण फरक।
तर! त्यही एक चुट्की सिन्दूर
सिउँदोमा नरहँदा ,
अपाङ्ग र पक्षघात श्रीमान
आफूसँग नरहँदा ,यो समाजमा
मानिसको हेर्ने दृष्टिकोण निचो
ती मनोबल घटेकी एकल महिलालाई
भन् भन् ,हेपाहा प्रवृत्तिले थिचो।
श्रीमान् आफूसँग साथमा रहँदा
छोराछोरी सबै छन् जस्तो लाग्ने
तर त्यही श्रीमान् बित्ने बित्तिकै,
भरिएको काख र सन्तान हुँदाहुँदै पनि
म एक्लै सहाराविहीन छु
यस जगतमा जस्तो लाग्ने।



लेखक: पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग.चा न.पा.१ (धनुषा)

## ।। सुकुम्बासीको न्याय र नयाँ आशा ।।

बागमतीको किनारामा,
दुःखका धेरै कहानी छन्।
छानो टेकेर बाँचिरहेका,
अधुरा सपना अनि चाहना छन्।
काठमाडौं सुन्दर बन्नुपर्छ,
सफा अनि व्यवस्थित शहर।
तर गरीबको आँसु माथि,
बन्नुहुँदैन विकासको घर।
द्यबभिलमचब कजबज ले भने –
"सबैलाई सम्मान चाहिन्छ"
खाली गेरर मात्रै होइन,
बस्न नयाँ स्थान चाहिन्छ।
सुकुम्बासीको सानो आशा,
बालबच्चाको मीठो सपना।
पढ्न पाऊन्, रमाउन पाऊन्,
नरोओस् फेरि कुनै मन।
न्याय भनेको हटाउनु मात्र होइन,
जीवनलाई साथ दिनु हो।
घर, शिक्षा र सुरक्षित भविष्य,
सबैलाई बराबर दिनु हो।
एक दिन यस्तो बिहान आओस्,
दुःखका बादल हट्नून्।
काठमाडौं पनि राम्रो बनोस्,
सुकुम्बासी पनि खुशी बनून्।



लेखक: पवन कु. यादव
स्थान: क्षिरेश्वोरनाथ नगरपालिका वार्ड न. ६ सखुवा बजार

## ।। गणतन्त्र ।।

नाङ्गो जनता, नाङ्गै छ देश
नाङ्गै छिन् विद्यार्थी, नाङ्गै छ जेल,
लुगा लगाएको छ गणतन्त्र।
खाली नै छ कसुडी, खाली नै छ ढुकुटी,
तर भरी छ संसद भरी छ गरिबी।
अनि भरी नै छ गणतन्त्र।
च्यातिएको इष्टकोट, च्यातिएको चोली,
च्यातिएको अर्थतन्त्र, तर सिहिएको छ गणतन्त्र।
फोहोर छ जनताले पिउने जल,
फोहोर नै छ पाँच वर्षमा धनी हिड्ने गाउँ।
तर सफा नै छ गणतन्त्र।
खाली नै होस कसुडी, नाङ्गै नै होस् विद्यार्थी,
च्यातिएको नै होस् वस्त्र, फोहोर नै होस् गाउँ
तर, केही नहोस देशको तन्त्र ॥



लेखक: प्रिन्स कार्ले
ठेगाना: नयाँ ठिमी, भक्तपुर

## ।। मछर ।।

हाई हाई रे मछर
तो त बहुत छे खच्चर
घन घन घन करै छे
केकरो सँ नै डरै छे
सुतल लोक के तो त
पल भैर मे जगबै छै
घन घन घन करै छै
सब सँ तो लरै छे
तोहर केहन हौ चाइल
तो त आदमी के दिमाग बिगाइ
घन घन घन करै छे
केकरो सँ नै डरै छे
हाई हाई रे मछर
तो त बहुते छे खच्चर



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। विकास की कमी और जनता की परेशानी.... ।।

जनकपुरधाम मिथिलाक गौरव आ माता जानकीक पवित्र नगरी अछि। हालहि में लगातार भेल भारी वर्षाक कारण जनजीवन बहुत प्रभावित भेल। सड़क, गली आ बस्तीसभ पानी में डूबि गेल। बहुतो परिवारकेँ आवागमन, रोजगार आ दैनिक जीवन में कठिनाइ झेलय पड़ल।

प्राकृतिक वर्षा एक कारण अवश्य अछि, मुदा समस्या एतेक गंभीर होयबाक मुख्य कारण समय पर उचित व्यवस्था नहि होयब सेहो अछि। नालासभक सफाई, पानी निकासक व्यवस्था आ शहरी योजनामे पर्याप्त ध्यान नहि देल गेल। परिणामस्वरूप सामान्य वर्षा सेहो जनताक लेल संकट बनि गेल।

राजनीतिक नेतृत्वक कर्तव्य अछि जे जनता केर समस्या पर समय रहते ध्यान देथि। चुनावक समय वादा बहुत कएल जाइत अछि, मुदा विकासक काज अपेक्षित गति सँ नहि होइत अछि। जँ समय पर नाला सफाई, सड़क निर्माण आ जल निकास व्यवस्था पर ध्यान देल गेल रहित, तँ जनकपुरधामक नागरिककेँ एतेक कठिनाइ नहि झेलय पड़ति।

एहि परिस्थितिसँ शिक्षा लैत सरकार, स्थानीय निकाय आ नागरिक सभकेँ मिलिक काम करबाक आवश्यकता अछि। जनकपुरधाम केवल एक शहर नहि, बल्कि सम्पूर्ण मिथिलाक पहिचान अछि। एकरा स्वच्छ, सुरक्षित आ व्यवस्थित बनौनाइ हम सभक साझा जिम्मेदारी अछि।



अजय साह
जनकपुरधाम, पुल चौक

# 'लालीबजार' हिट भएपछि रिलिज भयो 'मैं राम्री छु त नि' गीत



काठमाण्डु । यस वर्षको पहिलो 'क्लिन हिट' फिल्म 'लालीबजार' प्रदर्शनमा आएको एक महिनाभन्दा बढी भइसकेको छ । अहिलेसम्म फिल्मले बक्स अफिसमा ९ करोडको आँकडा पार गरिसकेको छ । अझै पनि काठमाडौंसहित विभिन्न सहरका हलहरूमा दर्शकको चाप सुखद रहेकाले फिल्मले आगामी सातासम्म दोहोरो अंकको व्यापार गर्ने निश्चित देखिन्छ ।

फिल्मले ठूलो व्यावसायिक सफलता हासिल गरेसँगै शुक्रबार निर्माण पक्षले फिल्ममा समावेश 'मैं राम्री छु त नि मेरो केको दोष' गीतको पूरा अंश दर्शकमाझ ल्याएको छ । फिल्म प्रदर्शन हुनुअघि यो गीतको सानो अंश युट्युबमा सार्वजनिक गरिएको थियो, जसमा हजारौं टिकटक, रिल्स, र शर्टस् बनिसकेका छन् । यसको पूरा अंश भने दर्शकले फिल्ममा मात्र हेर्न पाएका थिए ।

प्रकाश सपूतको शब्द तथा सङ्गीत रहेको यस गीतमा दीपिका बयम्बू मगरले स्वर दिएकी छिन् भने कोरस भोकल रन्जिता विश्वकर्मा, विन्दू बिसी, सुनिता सुनार, मनोज बिक र गोविन्द अनेकको रहेको छ । गीतमा महिलाको सुन्दरताको वर्णन गरिएको छ । महिलालाई मुर्तिकारले कुँदेको सुन्दर मुर्तिसँग तुलना गर्दै राम्री हुनु केको दोष भन्दै गीतले प्रश्न गरेको छ ।

प्रदीप लामाको कोरियोग्राफी रहेको गीतको भिडियोमा स्वस्तिमा खड्का, रवीन्द्र सिंह बानियाँ, मुकुन्द कुमार श्रेष्ठ, जानकी कडायत, आशा पौडेल, तारा शर्मालगायतका कलाकारहरू देखिएका छन् । फिल्ममा राजा साबको भूमिकामा रहेका रवीन्द्रलाई खुसी पार्न स्वस्तिमासहितका महिलाले नृत्य प्रस्तुत गरिरहेको भिडियोमा देखिन्छ ।

यम थापाको निर्देशनमा बनेको यस फिल्ममा स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, प्रदीप ढकाल, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश वादी, सरस्वती अधिकारी, जानकी कठायत, निश्चल पन्थीलगायतको अभिनय रहेको छ । यसै फिल्ममार्फत विशाल देवकोटा र प्रसंशा सुवेदीले डेब्यू गरेका छन् ।

# अर्थमन्त्रीको टिप्पणीप्रति प्रदीप ज्ञवालीको आपत्ति




टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले) का नेता प्रदीप ज्ञवालीले अर्थमन्त्री स्वर्णिम वाग्लेलाई आफूमाथि उठेका प्रश्नहरूको तथ्यगत जवाफ दिन आग्रह गर्दै पत्रकार र सांसदप्रति गरिएको टिप्पणी गरेको भन्दै आपत्ति जनाएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमा शुक्रबार नेता ज्ञवालीले प्रतिक्रिया जनाउँदै अर्थमन्त्री वाग्लेको आलोचना गर्ने सञ्चारमाध्यमहरूलाई 'खोस्टा' भन्न नमिल्ने बताए। "कतिपय सीमाहरू होलान्, तर मिडियाहरू लोकतन्त्रका पहरेदार हुन्," उनले लेखेका छन् ।

उनले आर्थिक विधेयकमा गरिएको परिवर्तनका कारण नै अर्थमन्त्रीमाथि प्रश्न उठेको उल्लेख गर्दै संसद्को अवमूल्यन हुने गरी 'नीतिगत सेटिङ' गरिएको आरोप लागेको बताए । उक्त परिवर्तनले राजस्व संरचनामा ठुलो प्रभाव पारेको र त्यसको लाभ सीमित व्यक्ति वा घरानाले पाएको उनले दाबीसमेत गरे ।

ज्ञवालीले अर्थमन्त्रीले उठेका प्रश्नहरूको तथ्यगत जवाफ दिनुको सट्टा व्यक्तिगत आरोपमा उत्रिएको टिप्पणी गरेका छन् । पत्रकारहरूलाई 'माइक्रोसफ्ट वर्ड चलाउन नजानेका' भन्दै उपहास गरिएको र आलोचक सांसदहरूलाई धम्कीपूर्ण शैलीमा प्रस्तुत भएको भन्दै उनले असन्तुष्टि व्यक्त गरे ।

उनले भने, "त्यस्तो कैफियत भएका कोही छन् भने कानुनसम्मत कारबाही गर्न कसले रोकेको छ र ?" भन्दै ज्ञवालीले लेखेका छन्, "तर यस्तो उत्तेजनाले तपाईंप्रति झन् गम्भीर प्रश्न खडा गर्छन्, होइन र ?"

अर्थमन्त्री वाग्लेको पछिल्लो अभिव्यक्तिपछि आर्थिक विधेयक र करसम्बन्धी विषयमा राजनीतिक बहस थप चर्किँदै गएको छ।

# 'भारत बालेनसँग खुसी छैन, रविले नेपालको नेतृत्व गरुन् भन्ने चाहन्छ'

टुडे समाचारदाता

काठमाण्डु । नेकपा एमाले संसदीय दलका नेता रामबहादुर थापा 'बादल' ले पार्टीका कमजोरीहरूलाई सुधार्दै नयाँ विचार र नीतिका आधारमा पार्टी पुनर्गठन गर्नुपर्नेमा जोड दिएका छन् । काठमाण्डुमा शुक्रबार नेकपा एमाले बागमती प्रदेश कमिटीले आयोजना गरेको एक कार्यक्रममा बोल्दै बादलले विपक्षीले प्राप्त गरेको अहिलेको सफलतालाई 'अस्थायी' संज्ञा दिँदै एमालेको विजय सुनिश्चित गर्न संगठनलाई नयाँ आधारमा उभ्याउनुपर्नेमा जोड दिए ।



आफ्नै कमजोरीका कारण विपक्षीहरूले अस्थायी सफलता प्राप्त गरेको भन्दै उनले अब यसलाई चिर्न नयाँ नीति र विचारका साथ अघि बढ्नु अपरिहार्य भएको जिकिर गरे । पार्टी उपाध्यक्षसमेत रहेका नेता बादलले भने, 'अहिले अस्थायी रूपमा उनीहरू सफल भए पनि हाम्रा कमजोरीहरूलाई टेकेर उनीहरू सफल भएका हुन्, तर यो सफलता अस्थायी हो, त्यसकारण यो सफलतालाई अस्थायी बनाउनका निम्ति हामीले पार्टीलाई नयाँ आधारमा, नयाँ विचार र नयाँ नीतिको आधारमा पुनर्गठन गर्नुपर्छ र अगाडि बढ्नुपर्छ । यसरी मात्रै हामीले फेरि विजय प्राप्त गर्न सक्छौँ ।'

उनले अहिले देशमा देखिएको स्थिति प्रतिक्रान्ति र प्रतिगमनपछिको अवस्था भएको दाबी गरे । भदौ २४ को परिघटनालाई असंवैधानिक र प्रतिगमनको संज्ञा दिँदै उनले त्यो कुनै क्रान्ति नभएको स्पष्ट पारे ।

नेता बादलले फागुन २१ पछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सहित बनेको वर्तमान सरकार स्वेच्छाचारिता र अधिनायकवादतर्फ उन्मुख भएको गम्भीर आरोप लगाए । सरकारले नागरिकको संगठित हुन पाउने मौलिक अधिकार कुण्ठित गर्न खोजेको र सुकुमबासीहरूमाथि दमन गरिरहेको उनले उल्लेख गरे।वर्तमान सरकारका गतिविधिले गणतन्त्र र लोकतान्त्रिक संस्थाहरूको मर्यादामाथि प्रहार भएको उनको भनाइ छ ।

'अहिले फागुन २१ पछि जुन रास्वपाको सरकार स्थापित भएको छ, यसले स्वेच्छाचारिता र अधिनायकवाद लागू गर्दैछ । यसले जनताको संगठित हुने मौलिक अधिकार खोस्ने प्रयास गर्दैछ र सुकुम्बासीहरूलाई दमन गर्दैछ,' बादलले भने,'यसले लोकतान्त्रिक संस्थाहरूको र गणतन्त्रकै धज्जी उडाउँदै छ। राष्ट्रपतिले सम्बोधन गरिरहँदा देशका प्रधानमन्त्री बिचमै उठेर हिँड्नुको राजनीतिक अर्थ के हो ? यसको अर्थ उनीहरू गणतन्त्रलाई समाप्त पार्न चाहन्छन् र गणतन्त्रप्रति उपेक्षा गरिरहेका छन् भन्ने हो ।'

सीमा विवाद र राष्ट्रियताका सवालमा प्रधानमन्त्रीले हालै दिएको अभिव्यक्तिलाई थापाले 'राष्ट्रिय आत्मसमर्पणवाद' को संज्ञा दिए ।

प्रधानमन्त्रीले नेपालले भारतको धेरै जग्गा मिचेको भनी दिएको अभिव्यक्ति सत्ता टिकाउने खेल मात्र भएको उनको दाबी छ । 'यसको राजनीतिक अर्थ भारतलाई एउटा प्रस्ताव गर्नु हो- यदि तिमीहरूले मेरो सत्ता टिकाउन मद्दत गर्छौ भने हामीले मिचेको भनिएको जग्गा फिर्ता गर्न तयार छौँ,' उनले भने, 'राजनीतिक भाषामा भन्ने हो भने यो राष्ट्रिय आत्मसमर्पणवाद हो, सत्ता टिकाउनका निम्ति गरिएको प्रयास हो ।' बरु भारतलाई जग्गा फिर्ता दिन्छौँ भन्ने आशय प्रधानमन्त्रीको भनाइमा देखिएको उनले बताए ।

यसैगरी, रास्वपाका सभापतिको हालैको भारत भ्रमण र त्यहाँ उनलाई दिइएको उच्चस्तरीय स्वागतप्रति पनि थापाले कडा संशय व्यक्त गरे । एउटा पार्टीको अध्यक्षलाई भारतमा प्रधानमन्त्री वा राष्ट्रपतिस्तरको भव्य स्वागत गरिनु सामान्य विषय नभएको उनको तर्क छ ।

उनले भने, 'यही अवस्थामा रास्वपाका सभापति भारत जानुभयो । एउटा पार्टीको अध्यक्षलाई प्रधानमन्त्री, गृहमन्त्री, परराष्ट्रमन्त्री, राष्ट्रिय सुरक्षा सल्लाहकार तथा सत्तारूढ पार्टीका ठुला नेताहरूले भव्य स्वागत गरे, त्यो हामी सबैले टेलिभिजनमा देख्यौँ, यसको राजनीतिक अर्थ के हो भने उनीहरू अहिलेको विद्यमान नेतृत्वसँग सन्तुष्ट छैनन् र नेपालको नेतृत्वमा अरू कसैलाई स्थापित गर्न मद्दत गर्न चाहन्छन् भन्ने सङ्केत देखिन्छ ।'

# 'सुस्तामा एसएसबीका सुरक्षाकर्मी छिरेकोबारे आवश्यक कदम चालिन्छ'



टुडे समाचारदाता

काठमाण्डु । सरकारले सुस्तामा भारतीय सशस्त्र सीमा बल (एसएसबी) का सुरक्षाकर्मी छिरेकोबारे आवश्यक प्रक्रिया अघि बढाउने भएको छ ।

शुक्रबार मन्त्रिपरिषद् बैठकबाट गरेका निर्णय सुनाउने क्रममा सरकारका प्रवक्ता शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले यसबारे परराष्ट्र मन्त्रालयले आवश्यक प्रक्रिया अघि बढाउने बताएका छन् ।

उनले भने, 'सुस्तामा बस्ने नेपाली नागरिकहरूले पहिलादेखि नै भूमिलाई रक्षा गरिरहनुभएको छ । उहाँहरूले दशकौँदेखि भूमिको संरक्षण गर्दै हुनुहुन्छ । उहाँहरूलाई नमन गर्नैपर्छ । यसबारे परराष्ट्र मन्त्रालयले आवश्यक कदमहरू चाल्ने नै छ ।'

भारतसँगको सीमा विवाद परराष्ट्र मन्त्रालयले कूटनीतिक रूपमा समाधानका लागि प्रयास गरिरहेको प्रवक्ता पोखरेलले बताए ।

शुक्रबार बिहान करिब ७ बजे सुस्ता गाउँपालिका-५ स्थित थारु टोलमा एसएसबी प्रवेश गरेपछि स्थानीयले प्रतिकार गरेका थिए । नारायणी नदीमा निर्माणाधीन तटबन्धको काम रोक्न १७ जेठमा एसएसबी नेपाली भूमि प्रवेश गरेपछि यस क्षेत्रलाई नेपाली र भारतीयले निगरानीमा राखिरहेका बेलामा दुवै शुक्रबार फेरि एसएसबी नेपाल छिरेपछि विवाद उत्पन्न भएको थियो ।

# रास्वपा अधिवेशनमा देखिएको भद्रगोल




टुडे समाचारदाता

जनकपुरधाम । 'चुनावमा प्यानल छैन, राम्रो कुरा हो । तर केही व्यक्तिहरू उम्मेदवारका लागि भोट माग्दै हिँडेको देखेँ ।' कोशी प्रदेश अधिवेशनबाट फर्किएपछि मोरङ-३ का सांसद गणेश कार्कीले सामाजिक सञ्जालमा लेखेको यो टिप्पणीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को जारी संगठनात्मक अधिवेशनमा देखिएका समस्याको संकेत गर्छ ।

रास्वपा पहिलो महाधिवेशनको तयारीमा जुटेको छ। त्यसअन्तर्गत वडा, पालिका, जिल्ला र प्रदेश तहका अधिवेशन सञ्चालन भइरहेका छन् । साथै, महाधिवेशन प्रतिनिधि छनोटको प्रक्रिया पनि अघि बढाइएको छ ।

पार्टी विधानअनुसार प्रत्येक ५०० सदस्य बराबर एक जना महाधिवेशन प्रतिनिधि निर्वाचित हुने व्यवस्था छ । पालिका अध्यक्ष, निर्वाचन क्षेत्र संयोजक, जिल्ला पदाधिकारी, प्रदेश समिति तथा महाधिवेशन आयोजक समितिका सदस्य स्वतः प्रतिनिधि हुनेछन् । यसबाहेक जिल्लाले थप तीन जना प्रतिनिधि छनोट गर्न पाउनेछ ।

रास्वपाले वडा र पालिका तहका अधिकांश अधिवेशन सम्पन्न गरिसकेको छ । हालसम्म ५६ जिल्लामा अधिवेशन सम्पन्न भएको पार्टीले जनाएको छ । तर केही जिल्लामा नेतृत्व चयन प्रक्रिया विवादित बनेको छ। सिन्धुपाल्चोकमा दुई पटक प्रयास गर्दा पनि नेतृत्व चयन हुन नसकेपछि निर्वाचन महाधिवेशनपछि गर्ने निर्णय गरिएको छ ।

मधेश प्रदेशमा पर्साबाहेक अन्य जिल्लाको अधिवेशन हुन सकेको छैन । जिल्ला अधिवेशन नहुँदा प्रदेश अधिवेशनसमेत प्रभावित बनेको छ । जेठ २८ गतेका लागि तय गरिएको प्रदेश अधिवेशन अनिश्चितकालका लागि स्थगित गरिएको छ ।

बागमती प्रदेश अधिवेशन पनि पूर्णता पाउन सकेको छैन । मतदान प्रक्रियामा पुगिसकेको अधिवेशन स्थगित गरिएको छ । प्रदेश राजधानी हेटौंडामा सुरु भएको अधिवेशनको नेतृत्व चयन प्रक्रिया अब काठमाडौंमा सम्पन्न गरिने जनाइएको छ ।

केन्द्रीय निर्वाचन आयोगले मतपत्रमा देखिएका त्रुटि सच्याउन, मतदाता नामावली प्रमाणीकरण गर्न तथा समायोजन सूचीसम्बन्धी उजुरी सम्बोधन गर्न प्रक्रिया स्थगित गर्नुपरेको जनाएको थियो । आयोगका अनुसार करिब ४०० जनाको समायोजन सूचीबारे विवाद देखिएपछि निर्वाचन रोकिएको हो ।

अधिवेशन प्रक्रियामा देखिएको अव्यवस्थाप्रति पार्टीका नेता प्रमोद न्यौपानेले समेत सार्वजनिक असन्तुष्टि जनाएका थिए । उनले सामाजिक सञ्जालमा 'ढुक्क हुनुस्, यसरी चाहिँ बन्दै बन्दैन' लेख्दै अधिवेशन प्रक्रियामा देखिएका पात्र र प्रवृत्तिप्रति संकेत गरेका थिए ।

कोशी प्रदेश अधिवेशनपछि केन्द्रीय सदस्य गणेश कार्कीले पनि 'नेताको नाममा राजनीति धेरै भयो, अब नीतिको राजनीति गरौँ' भन्दै टिप्पणी गरेका थिए ।

कोशी प्रदेशको निर्वाचनमा चन्द्र राई सभापतिमा निर्वाचित भए । पराजित उम्मेदवार तथा संस्थापक नेता गोमा तामाङ 'सरिन' ले गुटबन्दी र केन्द्रीय नेताहरूको हस्तक्षेपका कारण आफू पराजित भएको आरोप लगाउँदै सक्रिय राजनीतिबाट अलग हुने घोषणा गरिन् ।

# 'विकासको नाममा ऋण बढाउने होडबाजी रोकौँ, बरु योजनाका संख्या घटाऔँ'

टुडे समाचारदाता

काठमाण्डु । श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्कराज राईले विकासका नाममा वैदेशिक ऋण बढाउने होडबाजी रोकेर ऋण घटाउने दिशामा केन्द्रित हुन अर्थमन्त्रीलाई सुझाएका छन् ।

शुक्रबार प्रतिनिधि सभा बैठकमा विनियोजन विधेयक २०८३ माथिको छलफलमा भाग लिँदै उनले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई यस्तो सुझाव दिएका छन् ।



विकासको दौड जित्ने नाममा प्रत्येक वर्ष वैदेशिक ऋण थपिँदा आम नेपाली नागरिक ऋणको भारीले थिचिनु परेको भन्दै उनले यसबाट मुक्ति पाउने गरी अर्थनीति तय गर्न माग गरे। संसद् बैठकमा बोल्दै अध्यक्ष राईले अनुत्पादक र अनावश्यक योजनाहरू समेटेर ऋणको भारी बोक्नुभन्दा बरु योजनाहरूको सङ्ख्या नै कटौती गर्न सरकारलाई आग्रह गरे ।

उनले अबको अर्थनीति आत्मनिर्भरतातर्फ केन्द्रित हुनुपर्नेमा जोड दिए। देशलाई औद्योगीकरण र उत्पादनको बाटोमा लैजान शिक्षा प्रणालीमै आमूल परिवर्तन गर्नुपर्ने उनको तर्क छ । जबसम्म विद्यालय तहदेखि नै बालबालिकालाई श्रमको महत्व बुझाइँदैन र काम गर्न सिकाइँदैन, तबसम्म मुलुकले उत्पादनमा फड्को मार्न नसक्ने उनले स्पष्ट पारे ।

अध्यक्ष राईले शिक्षा र श्रमको सम्बन्धबारे चर्चा गर्दै भने, 'विकास कसैले बढी ल्याउने भन्ने दौडमा प्रत्येक साल हाम्रो विदेशी ऋण बढिरहेको छ । अनुरोध गर्न चाहन्छु बरु योजनाका संख्याहरू घटाऔँ हामीले । हुँदो नहुँदो योजना ल्याएर पछि ऋणको भारीमा किचिएर, थिचिएर बस्नु भन्दा अब हामी आत्मनिर्भर बन्नु पर्छ भन्ने भन्नेतर्फ हाम्रो अर्थनीति अगाडि जानु पर्दछ भन्ने म सुझाव दिन चाहन्छु । मैले धेरै चोटि यहाँ उभिएर पनि भनेको छु-जबसम्म हामीले शिक्षामा नै श्रम ल्याउँदैनौँ। केटाकेटीलाई हामी स्कुलमा नै काम गर्न सिकाउँदैनौ । काम गर्नु नै शिक्षा हो भन्ने कुराको मानक स्थापित गर्दैनौ, तबसम्म देशमा उत्पादन हुँदैन ।'

उत्पादन विनाको अर्थतन्त्रले देशलाई अगाडि बढाउन नसक्ने भन्दै उनले आफ्नो पार्टीले अघि सारेको श्रम संस्कृतिको अवधारणा संसद्मा प्रस्ट पारे। श्रम संस्कृति कुनै एउटा राजनीतिक दलको एजेन्डा मात्र नभएर नागरिकलाई गरिखान सिकाउने अभियान भएको उनले बताए । भोका र नांगा नागरिकलाई सधैँ गाँस र बासको राहत बाँडेर परनिर्भर बनाउनुभन्दा उनीहरूलाई आफैँ उत्पादन गरेर उपभोग गर्न सक्ने गरी सक्षम बनाउनुपर्ने उनको भनाइ छ ।

सरकारको सफलता र असफलताको मापन वैदेशिक ऋणको घटबढका आधारमा हुनुपर्ने नयाँ मानक राख्दै उनले आगामी बजेटमा ऋण नलिने सङ्कल्प गर्न अर्थमन्त्रीलाई आग्रह गरे । उनले थपे, 'हामी कति सफल भयौँ, कति असफल भयौ भन्ने कुराको मूल्यांकन हामीले विदेशी ऋण घटायौ वा बढायौ भन्ने कुराले निर्धारण गर्दछ भन्ने म सुझाव दिन चाहन्छु । त्यसो भएको हुनाले हामीले जतिसक्दो ऋण घटाउनेतर्फ हामी लाग्नुपर्दछ। र म त्यो भन्छु-अर्को साल ऋण नलिई म हाम्रो अर्थमन्त्रीजीलाई, नेपाल सरकारलाई ।'

अध्यक्ष राईले सरकारलाई परनिर्भरता त्यागेर आफ्नै बलबुतामा देश चलाउने आँट गर्न सरकारलाई सचेत गराए ।

# चीन जाँदै परराष्ट्र मन्त्री खनाल

टुडे समाचारदाता

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनाल जेठ ३१ गते चीन भ्रमणमा निस्किने भएका छन् ।

मन्त्रालयले शुक्रबार प्रेस नोट जारी गर्दै जेठ ३१ गतेदेखि असार ३ गतेसम्मका लागि भ्रमण तय भएको जनाएको छ ।

चिनियाँ समकक्षी वाङ यीको निमन्त्रणामा खनाल त्यसतर्फ गएका छन् ।


'मन्त्रीज्यूले चिनियाँ समकक्षी वाङ यीसँग बेइजिङमा वार्ता गर्नुहुन्छ । वार्तामा नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने र आपसी हितका विषयमा सहकार्य गर्नेबारे छलफल हुनेछ । साथै मन्त्रीज्यूले चीनका उच्चस्तरीय पदाधिकारीसँग भेटवार्ता गर्नुहुन्छ,' मन्त्रालयको विज्ञप्तिमा भनिएको छ ।

मन्त्री खनालले नेपालमा विदेशी लगानीलाई प्रोत्साहन गर्न नेपाली दूतावासले आयोजना गरेको इन्भेष्टमेन्ट कन्फ्रेन्समा पनि सहभागी हुनेछन्। त्यहाँ उनले चिनियाँ व्यवसायी समुदायसँग छलफल गर्नेछन् ।

# छानबिन प्रतिवेदन सार्वजनिक नगरी सुधन गुरूङलाई मन्त्री बनाउँदा प्रश्न उठ्यो

टुडे समाचारदाता

काठमाण्डु । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सांसद भरतबहादुर खड्काले शुक्रबार प्रतिनिधिसभा बैठकमा गृहमन्त्री सुधन गुरूङमाथिको छानबिन, राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन र सीमा विवादका विषयमा सरकारको कूटनीतिक कमजोरीप्रति आपत्ति जनाउँदै कडा आलोचना गरेका छन् ।



सांसद खड्काले वर्तमान गृहमन्त्रीमाथि सम्पत्ति शुद्धीकरण लगायतका गम्भीर विषयमा प्रश्न उठेको उल्लेख गर्दै सरकारले नै उनलाई चोख्याउने खेल खेलिरहेको आरोप लगाए। उनले छानबिन समितिको प्रतिवेदन सार्वजनिक नगरी गुरूङलाई कसरी फेरि गृहमन्त्री बनाइयो भनेर प्रश्न पनि गरे ।

'छलछाम गरेर सम्पत्ति शुद्धीकरण गरियो भन्ने सुनिन्छ, समितिले चोख्याएर प्रतिवेदन बुझायो तर उक्त प्रतिवेदन सार्वजनिक नै नगरी पुनः गृहमन्त्री बनाइयो,' खड्काले भने, 'एकातिर सुशासनको नारा दिने, अर्कातिर आफू अनुकूलका व्यक्तिलाई पुरस्कृत गर्ने काम भइरहेको छ ।'

राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनमा समेत गृहमन्त्री दोषी देखिएको दाबी गर्दै उनले सरकार आफै धामी र आफै झाँक्री बनेर दोषीलाई जोगाउन लागिपरेको बताए ।

उनले यस्तो प्रवृत्तिले देश गम्भीर संकटमा जाने चेतावनी दिँदै भदौ २४ को घटना छानबिन गर्न एक साताभित्र बनाउने भनिएको आयोग कहिले बन्छ भनी प्रश्न गरे ।

सांसद खड्काले गत जेठ १७ गते प्रधानमन्त्रीले रोस्ट्रममा उभिएर 'नेपालले भारतको जमिन मिचेको छ' भन्ने अभिव्यक्ति दिएको भन्दै आक्रोश व्यक्त गरे ।

सन् १९४७ मा भारत स्वतन्त्र भएदेखि हालसम्मका कुनै पनि भारतीय प्रधानमन्त्रीले नबोलेको कुरा नेपालकै प्रधानमन्त्रीले बोल्नु अत्यन्तै चिन्ताजनक रहेको उनको भनाइ थियो ।

'यो प्रतिपक्षको मात्र विषय होइन, सिँगो देशको साझा विषय हुनुपर्छ,' खड्काले भने, 'स्वर्गीय सुशील कोइराला प्रधानमन्त्री हुँदा भारत र चीनले लिपुलेक र लिम्पियाधुराको बाटो प्रयोग गर्ने गरी समझदारी गर्दा नेपालले कूटनीतिक नोट पठाएको थियो । चीनले जबाफ दियो, भारतले दिएन। त्यसपछि नेपालले औपचारिक रूपमा भारत भ्रमणको निमन्त्रणा समेत स्वीकार गरेको थिएन ।'

नेपाल र भारतबीच सीमा लगायतका समस्या समाधानका उपाय समेटिएको प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदन परराष्ट्र मन्त्रालयमा थन्किएर बसेको भन्दै उनले दुवै देशका प्रधानमन्त्रीले उक्त प्रतिवेदन बुझ्ने र कार्यान्वयन गर्ने वातावरण बनाउनुपर्ने बताए ।

सो बैठकमा केही सांसदहरूले उठाएको 'ग्रेटर नेपाल' को प्रसंगतर्फ संकेत गर्दै खड्काले भावनामा बगेर कुरा उठाउन सजिलो भए पनि त्यसले अन्तर र्राष्ट्रिय क्षेत्रमा पार्ने असरबारे सचेत हुनुपनेमा जोड दिए ।


## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा

## म्याद तामेली सम्बन्धी सार्वजनिक सूचना

जि.धनुषा साविक ढल्केवर गा.वि.स. वडा नं.५ हाल मिथिला नगरपालिका वडा नं.६ मा बस्ने रत्न बहादुर घना मगरको नाती मान बहादुर घनामगरको छोरा बर्ष ५७ को बुदि बहादुर घनाहा मगर वादी र जिल्ला धनुषा जनकपुरधाम उप महानगरपालिका वडा नं.५ मा बस्ने राधा देवी शर्मा प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.१० डा.मि. २०८२/११/१४ गतेको दुषित मोही लगत कट्टा बदर मुद्दामा विपक्षी नाउँमा जारी भएको १५पन्ध्र दिने म्याद तामेली हुन नसकी प्रतिवेदन सहित उक्त म्याद फिर्ता भई आए तत्पश्चात कार्वाहीको सिलसिलमा प्रतिवादी जग्गाधनी नाउँको न्याद सरहको ३० तिस दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्न लगाउने भनि मिति२०८३/०१/२२ मा भएको आदेशानुसार तपाई ज.ध. राधा देवी शर्मा नाउँमा यो म्याद सरहको ३० तिस दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ । अतः तपाई जग्गा धनीको नाउँमा दर्ता कायम रहेका उल्लेखित तपसिल बमोजिमको किता जग्गामा दुरित मोही लगत कट्टा बदर गरी पाउँ भनि दावी वेहोराको नालिश दिएको हुँदा निज जग्गा धनी भए निज स्वंम् वा निजको एका संगोल परिवारका नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० तिस दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउतर लिई आफैं या वारेश मुकरर गरी पठाडे कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम जग्गाको दुषित भोही लगत कट्टा बदर मुद्दा कानुन बमोजिम हुनेछ पछि कुनै उजुर बाजुर लागने छैन भनि जानकारीका लागि ३० तिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।

| सि. नं. | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | ढल्केवर | ५क | ८६ | ०-३-१३ | राधा देवी शर्मा |

जनकपुर टुडे



## अमेरिका र इरानलाई दिगो शान्ति सम्झौताका लागि उच्च प्रयास गर्न राष्ट्रसंघको आह्वान

रासस/एएफपी। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अमेरिका र इरानलाई दिगो शान्ति सम्झौताका लागि आफ्ना प्रयासहरूलाई उच्च र दोब्बर बनाउन आह्वान गर्दै द्वन्द्वको पूर्ण पुनरुत्थान गर्ने कुनै पनि क्रियाकलापबाट बच्नु पर्ने कुरामा जोड दिनु भएको छ।

इरानमाथि अमेरिकाले गरेको आक्रमण र खाडी लगायतकाका छिमेकी देशहरूमा इरानले गरेको प्रतिआक्रमण र शत्रुतापूर्ण क्रियाकलापबाट उल्लेखनीय वृद्धि सहित मध्यपूर्वमा जारी तनावबाट महासचिव गुटेरेस चिन्तित भएको संयुक्त राष्ट्रका प्रवक्ता स्टेफन डुजारिकले बताउनु भएको छ।

अन्तर्राष्ट्रिय कानुन अनुसार समुद्री अधिकार र स्वतन्त्रताको अभ्यासलाई सम्मान गर्नुपर्ने कुरामा जोड दिँदै उहाँले सबै पक्षलाई अन्तर्राष्ट्रिय कानुन अन्तर्गत आफ्नो दायित्व कायम राखी नागरिकहरूको सुरक्षाका लागि आवाश्यक सावधानी अपनाउन आह्वान गर्नु भएको छ।

शान्ति प्रक्रियामा अगाडि बढ्ने एक मात्र प्रक्रिया वास्तविक संवाद र वार्ताको माध्यमबाट भएको बताउदै डुजारिकले वाशिङ्टन र तेहरानलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति सुरक्षालाई अगाडि बढाउन स्थायी शान्ति सम्झौतामा पुग्न दुवै पक्षले आफ्ना प्रयासलाई दोब्बर बनाउन आग्रह गर्नु भएको हो।

# युवा आन्दोलन विस्तार गर्दै कक्रोच जनता पार्टी



रासस/एएफपी । भारतमा सामाजिक सञ्जालमार्फत तीव्र रूपमा लोकप्रिय बनेको कक्रोच जनता पार्टी (सिजेपी) ले बेरोजगारी, शिक्षा प्रणालीका कमजोरी र सरकारी जवाफदेहिताका मुद्दालाई केन्द्रमा राख्दै राष्ट्रव्यापी युवा विरोध अभियान सुरु गरेको छ । अभियानको सुरुआतस्वरूप बिहीबार पश्चिमी भारतीय सहर पुणेमा सयौँ विद्यार्थी र युवा समर्थकहरू भेला भएका थिए र यस कार्यक्रमले पछिल्ला दिनमा तीव्र गतिमा फैलिरहेको युवा आन्दोलनलाई थप ऊर्जा र गति प्रदान गरेको छ।

गत साता नयाँदिल्लीमा पहिलो ठूलो सडक प्रदर्शन गरेको सिजेपीले यसपटक सावित्रीबाई फुले पुणे विश्वविद्यालय परिसरमा ¥याली आयोजना गरेको हो । प्रदर्शनकारीहरूले विभिन्न सार्वजनिक परीक्षामा देखिएका अनियमितता, बारम्बार हुने प्रश्नपत्र चुहावट तथा शिक्षा क्षेत्रमा देखिएको व्यवस्थापकीय कमजोरीको विरोध गर्दै शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गरेका छन्।

राजनीतिक सञ्चार रणनीतिकार तथा बोस्टन विश्वविद्यालयका विद्यार्थी अभिजीत डिप्केले ¥यालीलाई सम्बोधन गर्दै पुणेको कार्यक्रम केवल सुरुआत मात्र भएको बताउनुभयो।

उहाँले बिहीबारदेखि देशव्यापी अभियान औपचारिक रूपमा सुरु भएको घोषणा गर्दै आगामी दिनमा भारतका अन्य सहरहरूमा पनि विरोध कार्यक्रम विस्तार गरिने जानकारी दिनुभयो। उहाँले शिक्षामन्त्रीले राजीनामा नदिए समर्थकहरू यही महिनाको अन्त्यतिर पुनः नयाँदिल्लीमा ठूलो प्रदर्शनका लागि जुट्ने चेतावनीसमेत दिनुभयो।

"सरकारले युवाहरूलाई बेवास्ता गर्न सक्दैन", अमेरिकाबाट हालै भारत फर्किएर आन्दोलनको नेतृत्व गरिरहनुभएका डिप्केले पत्रकारहरूसँग भन्नुभयो।

यो आन्दोलनको सुरुआत गत मे महिनामा सर्वोच्च अदालतका न्यायाधीश सूर्य कान्तले केही बेरोजगार युवालाई 'कक्रोच' सँग तुलना गरेको टिप्पणीपछि भएको थियो । उक्त अभिव्यक्तिले सामाजिक सञ्जालमा व्यापक प्रतिक्रिया निम्त्याएको थियो । तर आन्दोलनका समर्थकहरूले त्यस शब्दलाई अपमानको रूपमा नभई, कठिन परिस्थितिमा पनि बाँच्न सक्ने क्षमता र लचकताको प्रतीकका रूपमा ग्रहण गरे । त्यसपछि 'कक्रोच' आन्दोलनको पहिचान बनेको छ र समूहले इन्स्टाग्राममा मात्र दुई करोड २० लाखभन्दा बढी अनुयायी आकर्षित गर्न सफल भएको छ।

शुरुमा एउटा टिप्पणीविरुद्धको प्रतिवादका रूपमा देखिएको आन्दोलन अहिले बेरोजगारी, बढ्दो जीवनयापन खर्च, शिक्षा प्रणालीका समस्या, भ्रष्टाचार तथा सरकारी जवाफदेहितासम्बन्धी व्यापक असन्तुष्टिको आवाजका रूपमा विकसित भएको छ । सिजेपीले व्यङ्ग्य, आत्म-आलोचनात्मक हास्य र राजनीतिक टिप्पणीलाई संयोजन गरेर युवामाझ आफ्नो प्रभाव विस्तार गरिरहेको छ।

समर्थकहरू मजाककै शैलीमा आफूलाई बेरोजगार, लामो समय अनलाइन बस्ने र अवसरको खोजीमा रहेका युवा भनेर चिनाउँछन् । सामाजिक सञ्जालमा सार्वजनिक गरिएका भिडियो, मीम र व्यङ्ग्यात्मक सामग्रीहरूले बेरोजगारी, भ्रष्टाचार तथा राजनीतिक निष्क्रियताको आलोचना गर्दै लाखौँ दर्शकको ध्यान तानेका छन् । यस्तै, सिजेपीसँग सम्बन्धित वा त्यसबाट प्रेरित धेरै प्यारोडी खाताहरूले पनि कक्रोचलाई व्यङ्ग्यात्मक राजनीतिक प्रतीकका रूपमा प्रयोग गरिरहेका छन्।

पुणेबाट सुरु भएको पछिल्लो अभियानले भारतका युवाहरूबीच बढ्दो असन्तुष्टिलाई सङ्गठित राजनीतिक अभिव्यक्तिमा रूपान्तरण गर्ने प्रयास गरिरहेको विश्लेषण गरिएको छ। आन्दोलनले आगामी दिनमा देशका अन्य प्रमुख सहरहरूमा कस्तो प्रभाव पार्छ भन्ने विषयलाई राजनीतिक वृत्तले चासोका साथ हेरिरहेको छ।

## विश्वकप फुटबलः
# चेक रिपब्लिकमाथि दक्षिण कोरियाको जित



काठमाण्डु। फिफा विश्वकप फुटबल प्रतियोगिता-२०२६ अन्तर्गत समूह 'ए' को दोस्रो खेलमा दक्षिण कोरियाले चेक रिपब्लिकलाई पराजित गरेको छ।

मेक्सिकोको ग्वाडालजारा रंगशालामा आज भएको खेलमा दक्षिणकोरियालेचेकरिपब्लिकविरुद्ध २-१ गोलअन्तरको जित निकाल्दै प्रतियोगितामा सुखद सुरुआत गरेको हो।

दक्षिण कोरियाका लागि हवाङ इन बोम र ओ ह्युन ग्युले समान एक/एक गोल गरे। चेक रिपब्लिकका लागि भने लाडिस्लाभ क्रेज्चीले एक गोल फर्काए। खेलमा पहिलो अग्रता भने चेक रिपब्लिकले लिएको थियो। खेलको ५९ औँ मिनेटमा लाडिस्लाभले गोल गर्दै आफनो टोलीलाई पहिलो अग्रता दिलाए।

चेक रिपब्लिकको १-० गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ६७औँ मिनेटमा दक्षिण कोरियाले बराबरी गोल फर्कायो। दक्षिण कोरियाका हवाङले गोल गर्दै टोलीलाई पहिलो अग्रता गरे भने खेललाई एक/एक गोलका बराबरीमा ल्याए।

त्यसैगरी, दक्षिण कोरियाका अर्का खेलाडी ओ ह्युनले खेलको ८०औं मिनेटमा गोल गर्दै टोलीलाई दोस्रो अग्रता दिलाए। त्यसपछि खेलमा गोल हुन सकेनन र अन्ततः दक्षिण कोरियाले चेक रिपब्लिकमाथि २-१ को जित हासिल गऱ्यो । जितसँगै दक्षिण कोरियाले शीर्ष तीन अंक बटुल्दै अंक तालिकाको दोस्रो स्थानमा छ।

समूह 'ए'अन्तर्गत गएराति भएको खेलमा मेक्सिकोले दक्षिण अफ्रिकालाई पराजित गर्दै जित निकालेको थियो। यससँगै समूह 'ए'मा समान तीन अङ्क बटुलेको मेक्सिको गोलअन्तरका आधारमा शीर्ष स्थानमा छ। रासस

# युनलाई थप ३० वर्ष जेल सजाय



रासस/एएफपी । उत्तर कोरियासँग तनाव चर्काउने उद्देश्यले सन् २०२४ मा प्योङयाङमाथि ड्रोन उडानको आदेश दिएको आरोपमा दक्षिण कोरियाका अपदस्थ राष्ट्रपति युन सुक योल र उहाँका पूर्व रक्षामन्त्री किम योङ ह्युनलाई शुक्रबार ३० वर्षको जेल सजाय सुनाइएको छ। यसअघि मार्सल ल लागू गरेको अभियोगमा आजीवन कारावासको सजाय पाइसकेका युनमाथि यो अर्को गम्भीर फैसला आएको हो।

सियोल केन्द्रीय जिल्ला अदालतले सुनाएको फैसलाको पूर्ण विवरण तत्काल सार्वजनिक गरिएको छैन। तर अदालतले यसअघि डिसेम्बर २०२४ मा अल्पकालीन मार्सल ल लागू गरेको घटनालाई विद्रोह ठहर गर्दै युनलाई आजीवन कारावासको सजाय सुनाइसकेको थियो।

यो मुद्दाको आधार सन् २०२४ को अक्टोबरमा उत्तर कोरियाले लगाएको आरोप बनेको थियो । प्योङ्याङले दक्षिण कोरियाले तीन पटक ड्रोन उडाएर आफ्नो राजधानीमाथि प्रचार सामग्री खसालेको दाबी गरेको थियो । त्यसबेला तत्कालीन रक्षामन्त्री किम योङ ह्युनले रक्षा मन्त्रालयले उक्त आरोपको पुष्टि वा खण्डन गर्न नसक्ने प्रतिक्रिया दिनुभएको थियो । घटनापछि दुई कोरियाबीचको तनाव तीव्र बने पनि प्रत्यक्ष सैन्य झडप भने भएको थिएन।

विशेष अभियोजक चो युन-सुकको नेतृत्वमा भएको अनुसन्धानले युनले राजनीतिक विरोधीहरूलाई कमजोर पार्न र सत्ता आफ्नो नियन्त्रणमा केन्द्रित गर्न उत्तर र दक्षिण कोरियाबीच युद्धको वातावरण सिर्जना गर्ने प्रयास गरेको निष्कर्ष निकालेको थियो। अभियोजन पक्षले युनले अधिनायकवादी शैलीमा शक्ति विस्तार गर्ने योजनाअन्तर्गत ड्रोन अभियान सञ्चालन गराएको आरोप लगाएको थियो। यस्तै, मार्सल लको योजना बनाउन र सेना परिचालन गर्न सहयोग गरेको आरोपमा किम योङ ह्युनलाई पनि जिम्मेवार ठहर गरिएको छ।

अभियोजन पक्षले युनका लागि ३० वर्ष र किमका लागि २५ वर्ष जेल सजायको माग गरेको थियो। अदालतले युनमाथि ३० वर्षको सजाय सुनाएको छ भने किमसम्बन्धी विस्तृत निर्णय सार्वजनिक हुन बाँकी रहेको जनाइएको छ।

युनका कानूनी प्रतिनिधिहरूले भने फैसलाको आलोचना गरेका छन्। उनीहरूको भनाइमा ड्रोन उडान उत्तर कोरियाले सन् २०२४ को सुरुआतमा दक्षिण कोरियातर्फ हजारौँ फोहोर बोक्ने बेलुन पठाएको घटनाको प्रतिक्रिया थियो । उनीहरूले यस्तो निर्णयले दक्षिण कोरियाको राष्ट्रिय सुरक्षा चासोलाई कमजोर पार्ने तर्क गरेका छन्। यद्यपि उनीहरूले फैसलाविरुद्ध अपिल गर्ने वा नगर्ने विषयमा तत्काल कुनै निर्णय सार्वजनिक गरेका छैनन्।

युनले डिसेम्बर ३, २०२४ को राति राष्ट्रका नाममा टेलिभिजन सम्बोधन गर्दै मार्सल ल घोषणा गर्नुभएको थियो। त्यस क्रममा उहाँले विपक्षी उदारवादी सांसदहरूलाई उत्तर कोरियाप्रति सहानुभूति राख्ने 'राज्यविरोधी शक्ति' को संज्ञा दिनुभएको थियो। उहाँले विपक्षी दलले वरिष्ठ सरकारी अधिकारीहरूलाई महाभियोग लगाएको र सरकारको बजेट विधेयकमा कटौती गरेको विषयलाई आफ्नो कदमको प्रमुख कारणका रूपमा प्रस्तुत गर्नुभएको थियो।

तर मार्सल ल केवल करिब छ घण्टामात्र कायम रह्यो । सैनिक र प्रहरीको घेराबन्दी तोड्दै सांसदहरू राष्ट्रिय सभामा प्रवेश गरेका थिए र उक्त निर्णय खारेज गर्ने पक्षमा मतदान गरेका थिए। त्यसपछि मन्त्रिपरिषद् मार्सल ल फिर्ता लिन बाध्य भएको थियो।

घटनापछि युनलाई तत्काल पदबाट निलम्बन गरिएको थियो । त्यसपछि संसद्बाट महाभियोग पारित भयो र संवैधानिक अदालतले उहाँलाई औपचारिक रूपमा पदमुक्त गरेको थियो । जुलाई २०२५ मा पक्राउ परेका युनविरुद्ध हाल पनि विभिन्न आपराधिक मुद्दाहरू विचाराधीन छन्।

युनमाथिको विद्रोहसम्बन्धी सबैभन्दा गम्भीर मुद्दाको फैसला दुवै पक्षले चुनौती दिएका छन्। युन पक्षले सजायविरुद्ध अपिल गरेको छ भने अभियोजन पक्षले अझ कडा सजायको माग गर्दै मृत्युदण्ड हुनुपर्ने दाबी गरेको छ।

# राखेपद्वारा उपसमिति गठन

**टुडे समाचारदाता**



काठमाण्डु । अखिल नेपाल फुटबल संघ (एन्फा) मा भनिएको अनियमितता, भ्रष्टाचार तथा पदको दुरुपयोग सम्बन्धी उजुरीमाथि छानबिन गर्न राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले उपाध्यक्ष विशाल श्रेष्ठको संयोजकत्वमा ५ सदस्यीय छानबिन उपसमिति गठन गरेको छ।

शिक्षा तथा खेलकुद मन्त्रीसमक्ष एन्फाविरुद्ध विभिन्न गम्भीर आरोपसहित उजुरी परेपछि सो विषयमा ७ दिनभित्र छानबिन गरी प्रतिवेदन पेश गर्न मन्त्रीबाट राखेपलाई निर्देशन दिइएको थियो।

त्यसैअनुसार राखेपको कार्यकारी समितिको ५९औं बैठकले राष्ट्रिय खेलकुद विकास ऐन बमोजिम उपसमिति गठन गर्ने निर्णय गरेको बताइन्छ।

उजुरीमा एन्फामाथि राष्ट्रिय हित र प्रतिष्ठाविपरीत होम गेम बिक्री गरेको, राखेपको निर्देशन अवज्ञा गरेको, अवैध भत्ता वितरण गरेको, महिला साफ च्याम्पियनसिप २०२४ का क्रममा होटल दररेटमा कमिसन र भ्रष्टाचार गरेको, स्वीकृतिविना वैदेशिक भ्रमण गरेको, अनुदान रकमको दुरुपयोग तथा अनावश्यक नियुक्ति गरेको लगायतका आरोप लगाइएको छ।

त्यस्तै, विभिन्न समयमा भएका टेन्डरहरू प्रचलित कानुनअनुसार नगरेको तथा विभिन्न प्रतियोगिताको मार्केटिङ, डिजिटल, ब्रोडकास्टिङ र टिकटिङ अधिकार प्रदान गर्दा भ्रष्टाचार भएको आरोप पनि उजुरीमा उल्लेख गरिएको छ।

सो उपसमितिमा राखेप सदस्यमा कार्यकारी समिति सदस्य सिक्का सुवाल श्रेष्ठ, चार्टर्ड एकाउन्टेन्ट प्रकाश अधिकारी तथा शिक्षा तथा खेलकुद मन्त्रालयका एक प्रतिनिधि रहनेछन् । उपसमितिको सचिवको जिम्मेवारी खेलकुद विकास विभागका प्रशासकीय अधिकृत सानु राजा केसीलाई दिइएको राखेपले जनाएको छ।

# कश्मीरमा विरोध प्रदर्शनमा मृत्यु हुनेको संख्या २० पुग्यो

रासस/एएफपी। कश्मीरमा प्रहरी र आन्दोलनरथ समुहका सदस्यहरू बिचको झडपमा परि मृत्यु हुनेको स¤ˆया २० जना पुगेको एएफपीले जनाएको छ।

आर्थिक र शासन सुधारको माग गर्दै सरकार विरोधी आन्दोलन संयुक्त अवामी एक्सन कमिटी (जेएएसी) का समर्थकहरूले गत हप्ता आतङ्कवाद विरोधी कानुन अन्तर्गत प्रतिबन्ध लगाइएको भए पनि विरोध प्रदर्शनका साथ अगाडि बढिरहेको जनाइएको छ।

यस अघि तीन जना सर्वसाधारण र चार जना प्रहरी नागरिक अधिकारी आयुक्त सरदार वाहिदले चार जना प्रहरी अधिकार ीसहित १२ जनाको मृत्यु भएको बताउनु भएको छ।

मिरपुर सहरका वरिष्ठ प्रहरी अधिकारी खुर्रम इकबालले बुधबार प्रहरीसँग भएको झडपमा एक जना प्रदर्शनकारीको मृत्यु भएको बताउनु भएको छ।

मुख्य सहर मुजफ्फराबादका धेरै पसलहरू यस हप्ता जेएएसीले व्यवसायहरू बन्द गर्न आह्वान गरेको समर्थनमा बन्द भएका छन् भने मोबाइल तथा इन्टरनेटको पहुँच सिमीत गरिएको जनाइएको छ।



अधिकारीसहित सात जनाको मृत्यु भएको र दर्जनौँ घाइते भएको अधिकारीहरूलाई उल्लखे गर्दै एएफपीले जनाएको छ।

स्थानीय सरकारका शिक्षा मन्त्री मलिक जफरले आफ्नो निर्वाचन क्षेत्र कोटलीमा यस हप्ता प्रदर्शनकारी र प्रहरीबीचको झडपमा सात जनाको मृत्यु भएको बताएको एएफपीले जनाएको छ।

रावलकोट सहरका शीर्ष जेएएसीका सदस्यहरूले आर्थिक र राजनीतिक अधिकारका लागि प्रदर्शन गरिरहेको भन्दै उनीहरूलाई आतङ्कवादी समूहको रूपमा "दमन" गरेकोमा निन्दा गरेका छन्।

जेएएसीको नेतृत्वमा प्रहरी र प्रदर्शनकारीहरू बिचको हिंसात्मक झडपले यसअघि सेप्टेम्बरमा हिमालय क्षेत्रमा कब्जा गरेको थियो, जसमा नौ जनाको मृत्यु भएको पुष्टि भएको थियो।

## अत्यधिक सामाजिक सञ्जालको प्रयोगले किशोरकिशोरीको मानसिक स्वास्थ्य उच्च जोखिममा : अध्ययन



रासस/एएफपी। अस्ट्रेलियामा गरेको एक दशक लामो अध्ययनले दैनिक दुई वा दुइ घण्टा भन्दा बढी सामाजिक सञ्जाल प्रयोग गर्ने किशोरकिशोरीहरूले डिप्रेसन लगायतका मानसिक रोगको उच्च जोखिमको सामना गर्ने गरेको पत्ता लगाएको छ।

अस्ट्रेलियाको मर्डोक चिल्ड्रेन रिसर्च इन्स्टिच्युट (एमसीआरआई) ले शुक्रबार जारी गरेको विज्ञप्तिमा १२-१८ वर्षको उमेरमा उच्च सामाजिक सञ्जालको प्रयोगले एक वर्ष पछि मानसिक स्वास्थ्य समस्यामा वृद्धि भएको उल्लेख गरिएको छ।

अष्ट्रेलियाको मेडिकल जर्नलमा प्रकाशित यस अध्ययनले मेलबर्नमा ९ देखि १९ वर्ष उमेर समूहका करिब एक हजार २०० सहभागीहरुको बीचमा अध्ययन गरेको जनाइएको छ । अध्ययनको लागि सन् २०२५ मा १६ वर्ष मुनिका बालबालिकाका लागि सामाजिक सञ्जालको पहुँचमा प्रतिबन्ध लगाउनु अघि तथ्याङ्क सङ्कलन गरेको जनाइएको छ।

अनुसन्धानकर्ताहरूले उच्च स्तरको मानसिक स्वास्थ्य समस्याहरू, अनलाइन दुर्व्यवहार लगायत सामाजिक सञ्जाल प्रयोग र हानिकारक अनलाइन सामग्रीको जोखिमले बढेको चेतावनी दिएको छ।

अध्ययनका अनुसार यसको प्रभाव १२ देखि १३ वर्ष उमेर समुहका केटीहरूमा सबै भन्दा बढी देखिएको थियो, भने दुवै लिङ्गहरूमा उच्च जोखिम देखिएको थियो।

अभ्ययनको निष्कर्षले प्रारम्भिक किशोरावस्थालाई बालबालिकाको जिवनको महत्वपुर्ण समयको रूपमा लिइ अध्ययन गरेको प्रमुख लेखक नन्दी विजयकुमार, एमसीआरआई र डीकिन विश्वविद्यालयका वरिष्ठ अनुसन्धान सहयोगीले बताउनु भएको छ।

सह-लेखक, एमसीआरआई प्रोफेसर सुसान सायरले अध्ययनबाट आएका निष्कर्षहरूले उमेर-उपयुक्त सीमाहरू, राम्रो डिजिटल साक्षरता कार्यक्रमहरू, र मानसिक स्वास्थ्य जोखिमहरू कम गरी अभिभावकको मार्गदर्शनलाई बलियो बनाउने बताएका छन्।

अघिल्लो एम. सि. आर. आइ. अनुसन्धानले लगभग तीन चौथाई अस्ट्रेलियाली किशोरकिशोरीहरूले मानसिक रोग तथा चिन्ताको अनुभव गरेको जनाएको थियो।

# इरान-अमेरिका सम्झौता अन्योलमा

रासस/एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले निकट दिनमा इरानसँग सम्झौता हुन सक्ने दाबी गर्दै सैन्य आक्रमणको धम्की स्थगित गरिएको बताए पनि तेहरानले भने कुनै अन्तिम निर्णयमा नपुगेको स्पष्ट पारेको छ। मध्यपूर्वमा जारी तनाव अन्त्य गर्ने भनिएको सम्भावित सम्झौताबारे दुवै पक्षका फरक-फरक दाबी सार्वजनिक भइरहेका छन्।

तेहरानस्थित विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले शुक्रबार वार्ता जारी रहे पनि सम्झौतामा अन्तिम निष्कर्षमा नपुगेको बताउनुभयो । उहाँका अनुसार अधिकांश विषयमा सहमति नजिक पुगे पनि अमेरिकी पक्षले नयाँ माग राखेपछि प्रक्रिया अवरुद्ध भएको हो।

राष्ट्रपति डोनाल्ड ट्रम्पले भने सम्झौता 'उच्च राजनीतिक तहमा स्वीकृत' भइसकेको दाबी गर्दै इरानमाथि तय गरिएको आक्रमण र बमबारी रोकिएको घोषणा गर्नुभएको छ । उहाँले हस्ताक्षरको समय र स्थान चाँडै सार्वजनिक गरिने बताउँदै वार्ता सकारात्मक दिशामा अघि बढिरहेको सङ्केत गर्नुभयो। ट्रम्पका अभिव्यक्तिपछि अन्तर्राष्ट्रिय वित्तीय बजारमा तत्काल प्रभाव देखिएको छ, जसअनुसार सेयर बजारमा वृद्धि र तेलको मूल्यमा गिरावट आएको छ।



सम्भावित सम्झौतामा अमेरिका र क्षेत्रीय सहयोगीहरू, विशेषगरी इजरायल समेत सहभागी रहेको ट्रम्पको दाबी छ। उहाँका अनुसार वार्ताका मुख्य बुँदा र विस्तृत रूपरेखा सबै पक्षबाट स्वीकृत भइसकेका छन्।

तर इरानले उक्त दाबी अस्वीकार गर्दै सम्झौता अझै टुङ्गोमा नपुगेको स्पष्ट पारेको छ। तेहरानले अमेरिकी पक्षले बारम्बार अडान परिवर्तन गर्ने गरेको आरोप लगाउँदै वार्ता जटिल बन्दै गएको जनाएको छ । इरानी सञ्चारमाध्यमले ट्रम्पले पछिल्ला महिनामा दर्जनौँ पटक सम्झौता नजिक पुगेको दाबी दोहोऱ्याएको उल्लेख गर्दै त्यसप्रति शङ्का व्यक्त गरेका छन्।

यसैबीच राष्ट्रपति ट्रम्पले इरानी सर्वोच्च नेतृत्वले सम्झौता स्वीकार गरेको जस्तो आफूले बुझ्ने बताउनुभएको छ । उहाँले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुसँग पनि छलफल भएको उल्लेख गर्दै सम्झौतामा इरानको समृद्ध आणविक सामग्री हटाउने र मिसाइल पूर्वाधार निष्क्रिय गर्ने विषय समावेश हुने बताउनुभयो।


क्षेत्रीय कूटनीतिक प्रयास पनि तीव्र बनेको छ। पाकिस्तान र कतारको मध्यस्थतामा ब्याक-च्यानल वार्ता अघि बढिरहेको बताइएको छ भने इजिप्टले पनि दुवै पक्षलाई उपलब्ध अवसरको सदुपयोग गर्न आग्रह गरेको छ।

फेब्रुअरी २८ मा इरानमाथि भएको अमेरिका-इजरायल संयुक्त आक्रमणपछि सुरु भएको भनिएको युद्ध अप्रिलको युद्धविरामपछि रोकिएको भए पनि स्थायी समाधान अझै नदेखिएको अवस्थामा पछिल्लो कूटनीतिक पहल आएको हो । तेहरानमा भने नागरिकहरू युद्ध र आर्थिक दबाबले निराश बनेका छन्। एक स्थानीय ३५ वर्षीय फार्मासिस्ट माजिदले दुई देशबीचको दूरी अझै ठूलो भएकाले तत्काल सम्झौतामा विश्वास गर्न नसकिने बताउनुभएको छ।

यता इरानी सैन्य नेतृत्वले अमेरिकाले पुनः आक्रमण गरे कडा प्रतिकार हुने चेतावनी दिएको छ । साथै इरानले हर्मुज जलघाँटीमा निगरानी कडा बनाउँदै तेल तथा ग्यास ढुवानी मार्ग 'अर्को सूचना नआउन्जेल' सीमित गरिएको जनाएको छ, जसले विश्व ऊर्जा बजारमा थप दबाब सिर्जना गरेको छ।

ट्रम्पको आशावादी दाबी र तेहरानको अस्वीकारबीच मध्यपूर्वको कूटनीतिक वातावरण अझै अनिश्चित बनेको छ।

# मनै लोभ्याउने 'माइपोखरी'



फिक्कल । चारैतिर हरियाली जङ्गल, शान्त वातावरण । बीचमा नौ वटा कुना भएको विशाल 'माइपोखरी' । पोखरी यति ठूलो छ कि एउटा कुनाबाट अर्को कुना देख्न सकिँदैन ।

इलामको सन्दकपुर गाउँपालिका-१ र ३ को सङ्गमस्थलमा रहेको धार्मिक पर्यटकीय क्षेत्र माइपोखरीले पछिल्लो समय आगन्तुकहरु आकर्षित गरिरहेको छ । यहाँ पुग्ने जो कोहीले एकपटक अवलोकनसँगै अनिवार्य तस्बिर खिचाउने र भिडियो बनाउने गरेका छन् । पछिल्लो समय यहाँ तस्बिर लिने, भिडियो बनाउने र पूजापाठ गर्न आउनेको भिड लाग्ने गरेको छ ।

समुद्री सहतदेखि दुई हजार १०० मिटर उचाइमा अवस्थित माइपोखरी पूर्वी पहाडकै आकर्षक धार्मिक पर्यटकीय क्षेत्र हो । माइपोखरीको एक दशमलव ८ हेक्टर जलाशय र १२ हेक्टर सिमसारलाई अत्यन्त संवेशनशील मानिएको छ ।

माइपोखरीमा पूजापाठ गरेमा मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास छ । बलिप्रथा निशेधित माइपोखरीलाई साक्षात देवीका रुपमा पूजा गरिँदै आएको छ । यहाँ मनोकाङ्क्षा पूरा होस् भनेर भाकल गर्ने तथा परेवा उडाउने प्रचलन छ ।

द्वापरयुगको अन्त्यमा पाँच पाण्डव वनबासमा रहने क्रममा सुनसरीको बराहक्षेत्र, झापाको अर्जुनधारा हुँदै इलामको माइपोखरीसम्म आएर फर्किएको किंवदन्ती छ । माइपोखरीलाई हिन्दू, बौद्ध र किरात धर्मको आस्थाका रुपमा लिइन्छ ।

माइपोखरीप्रतिको आकर्षण पछिल्लो समय स्वदेशी मात्र होइन, विदेशी पर्यटकमा उत्तिकै छ । यसको प्रचारले पर्यटकीय सम्भावनाले भरिपूर्ण सन्दकपुर गाउँपालिकालाई नै थप लोकप्रिय बनाउँदै लगेको छ । माइपोखरी इलाम सदरमुकामबाट उत्तरमा बिब्ल्याँटे बजार हुँदै आधा कालोपत्र र आधा कच्ची गरी १३ किलोमिटर सडक पार गरेर पुग्न सकिन्छ ।

यहाँ नेपालसहित भारतका विभिन्न क्षेत्र तथा अन्य विदेशी पर्यटक आउने गरेको स्थानीय लीला भट्टराईले बताउनुभयो । "माइपोखरी अवलोकन गर्न दैनिक सयौँको सङ्ख्यामा पर्यटक आउने गरेका छन्", उहाँले भन्नुभयो, "यातायातको सहजताले माइपोखरी अवलोकन गर्ने पर्यटकको सङ्ख्या बढ्दै गएको छ ।" चारचक्के तथा दुईचक्के सवारीसाधनबाट सहजै माइपोखरी पुग्न सकिने भएकाले युवायुवतीको रोजाइमा माइपोखरी परेको हो ।

पर्यटकको चहलपहलसँगै माइपोखरी आउने पर्यटकलाई लक्षित गरी होटलसमेत विस्तार हुँदै गएका छन् । स्थानीयले होटल तथा होमस्टे सञ्चालन गरेर मनग्य आम्दानी गर्दै आएको सन्दकपुर गाउँपालिका-३ का होटल सञ्चालन निमतेन्जी शेर्पाले बताउनुभयो ।

"माइपोखरी अवलोकन गर्नका लागि युवायुवती समूहसमूहमा दिनहुँ आउने जाने गर्दछन्", शेर्पाले भन्नुभयो, "यसको अझ प्रचारप्रसार गरे प्रशस्त फाइदा सन्दकपुरवासीले लिन सकिन्छ ।" माइपोखरीलाई सन् २००८ अक्टोबर २८ मा दक्षिण कोरियाको चाङबाङमा सम्पन्न रामसार महासन्धिको दशौं बैठकले विश्वसम्पदा सूचीमा राखेको छ ।

**प्रचारप्रसारका लागि बर्सेनि बहुधार्मिक महोत्सव**

माइपोखरीको प्रचाप्रसारका लागि बर्सेनि 'माइपोखरी बहुधार्मिक महोत्सव' आयोजना हुँदै आएको छ । बर्सेनि हरिबोधनी एकादशीका अवसरमा पारेर सन्दकपुर गाउँपालिकाले दुईदिने बहुधार्मिक महोत्सव आयोजना गर्दै आएको छ ।

माइपोखरीलाई धार्मिक पर्यटकीय केन्द्रका रुपमा विकास गर्ने एवं बहुधार्मिक तीर्थका रुपमा प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्ने गरिएको गाउँपालिका अध्यक्ष तुलाराम गुरुङले बताउनुभयो । त्यहाँ २०८० सालदेखि गाउँपालिकाले बर्सेनि बहुधार्मिक महोत्सव आयोजना गर्दै आएको छ ।

"सन्दकपुर गाउँपालिकाले माइपोखरीलाई प्रमुख पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न चाहेको छ", अध्यक्ष गुरुङले भन्नुभयो, "विगत तीन वर्षदेखि यहाँ बहुधार्मिक महोत्सव आयोजना गर्दै आएका छौँ, यसको अझ प्रचारप्रसार गर्नसके सन्दकपुरकै विकास र समृद्धिमा टेवा पुग्ने विश्वास छ ।"

माइपोखरीलाई थप व्यवस्थित गर्दै पर्यटकको आकर्षणको केन्द्र बनाउने तयारी गरेर अघि बढ्न लागेको गाउँपालिकाले जनाएको छ । माइपोखरीको प्रवर्द्धनका लागि पालिकाकोतर्फबाट सधैँ साथ रहने गाउँपालिका उपाध्यक्ष हरिबहादुर लुङ्गेलीले बताउनुभयो ।

**जैविक विविधताको दृष्टिले महत्वपूर्ण**

माइपोखरी धार्मिक दृष्टिले मात्र होइन, जैविक विविधताको दृष्टिलेसमेत महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा चार प्रजातिका लालीगुराँस, तीन प्रजातिका चाँप, १६ प्रजातिका सुनाखरी, ६२ प्रजातिका जडीबुटीसहित ३०० प्रजातिका फूल फुल्ने र नेपालमा मात्र पाइने गलैँचे झ्याउ, लेउ, उन्युलगायत वनस्पति पाइन्छ ।

त्यस्तै, यहाँ १२ प्रजातिका जलचर, छ प्रजातिका उभयचर, तीन प्रजातिका माछा, १४ प्रजातिका स्तनधारी र २०० बढी प्रजातिका चराचुरुङ्गीहरु पाइन्छन् ।

माइपोखरीमा धार्मिक आस्थाका, प्राकृतिक सुन्दरता र सम्पदाको अवलोकन गर्न र वातावरणीय पक्षको अध्ययन अनुसन्धान गर्न पर्यटक पुग्ने गर्दछन् । माइपोखरी पुग्नेले माइपोखरीको दर्शनसँगै माइपोखरी परिसरका सत्यधुनी, पाठशाला, शिवालय, यज्ञकुण्ड, साधुकुटी, बौद्ध गुम्बा, तीनचुलो, युमाथानलगायको अवलोकन गर्न पाउँछन् । रासस

# धरानको पिण्डेश्वर बाबाधाममा तीर्थालु र पर्यटकको आकर्षण बढ्दो



धरान । धरान उपमहानगरपालिका-१४ विजयपुरमा अवस्थित ऐतिहासिक तथा पौराणिक महत्वको अमृतपिण्ड पिण्डेश्वर बाबाधाम आन्तरिक तथा बाह्य धार्मिक पर्यटकको प्रमुख गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ ।

मुलुकका विभिन्न जिल्लाका साथै छिमेकी भारतका सिक्किम, दार्जिलिङलगायत स्थानबाट यहाँ आउने तीर्थालुको संख्यामा उल्लेख्य वृद्धि भएको धरान उपमहानगरपालिका-१४ का वडाध्यक्ष कृष्णप्रसाद भट्टराईले बताउनुहुन्छ ।

चारैतिर बाक्लो जङ्गल, वरपीपलका रुख र चौताराले घेरिएको विजयपुर डाँडामा अवस्थित यो मन्दिर पूजापाठका साथै घुमफिर र मानसिक शान्तिका लागि पनि यात्री बाबाधाममा आउने गरेका उहाँ बताउनुहुन्छ । विशेषगरी तराईमा तापक्रम बढ्दै जाँदा यहाँको शीतल वातावरण र हरियालीको आनन्द लिन टाढाटाढाबाट आन्तरिक पर्यटकको आउने गरेका गरेका छन् । मन्दिर परिसरबाट धरान बजार, चारकोशे जङ्गल र इटहरी क्षेत्रको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ ।

यहाँ पूजापाठ गर्दा मनोकामना पूरा हुने जनविश्वास छ । धरान-१६ की पवित्रा श्रेष्ठ पिण्डेश्वर बाबाधाममा मागेको कुरा पूरा हुने विश्वासका कारण आफू नियमित रूपमा त्यहाँ भोलेबाबाको आराधनाका निम्ति जानेगरेको बताउनुहुन्छ । हरियाली र शान्त वातावरणले पनि उहाँलाई पिण्डेश्वर क्षेत्रले आकर्षित गर्छ ।

विराटनगरबाट शिवाराधनाका निम्ति परिवारसहित आउनुभएकी सुनिता श्रेष्ठ यहाँ पूजा गरेपछि मन शान्त हुने र सोचेका काम पूरा हुने बताउनुहुन्छ ।

पुराणमा वर्णनभएअनुसार समुद्र मन्थन गर्दा निस्किएको कालकुट विष भगवान् शिवले आफ्नो कण्ठमा धारण गर्नुभएको थियो । त्यसपछि निस्किएको अमृत भगवान् विष्णुले देवताहरूलाई मात्र पान गराउनुभएको र बाँकी रहेको अमृतको पिण्ड फालिएको स्थानमा पिण्डेश्वर महादेवको उत्पत्ति भएको मानिन्छ । यहाँ अमृतपिण्डका रूपमा भगवान् शङ्करको पूजार्चना गरिन्छ ।

पिण्डेश्वर बाबाधाम समितिकी सदस्य रन्जिता कटुवालका अनुसार मन्दिरमा दैनिक सरदर एक हजारभन्दा बढी दर्शनार्थी आउने गरेका छन् । यो सङ्ख्या सोमबार र शनिबार भने तीन हजार नाघ्ने गरेको छ । पितृलाई प्रशन्न तुल्याउन श्राद्ध गर्नेहरूको पनि यहाँ उल्लेखनीय भीड हुने गरेको छ । साथै यहाँ आर्थिक गतिविधिले पनि गति लिएको छ ।

विगत २१ वर्षदेखि पसल सञ्चालन गर्दै आउनुभएकी इन्दिरा खड्काले शनिबार र सोमबार आफूहरूलाई भ्याइनभ्याई हुने बताउनुभयो । उहाँले दिङ्लाबाट रुद्राक्ष खरिद गरी आफैँ माला तथा डाली तयार गरेर बिक्री गर्दै आउनुभएको छ । हाल पिण्डेश्वर बाबाधाम परिसरमा त्यस्ता ३० वटा फूल पसल सञ्चालनमा छन् ।

बाहिरबाट हेर्दा पिण्डेश्वर मन्दिर साना देखिए पनि भित्र सानाठूला१० भन्दा बढी मन्दिर छन् । शिवालयको द्वारमा स्थापना गरिएको भीमकाय नन्दीको प्रतिमा, मन्दिरको पश्चिमतर्फ ऐतिहासिक पोखरी र इनार तथा त्यसको मध्यभागमा स्थापित देवी सरस्वतीको मूर्ति साँच्चै चित्ताकर्षक छ ।

विशेषगरी साउनको पहिलो र अन्तिम सोमबार, अष्टमी, कात्तिक पूर्णिमा, माघे सङ्क्रान्ति, महाशिवरात्रि तथा तीजजस्ता पर्वमा यहाँ भक्तजनको ठूलो भीड लाग्ने गरेको छ । साउनमा खाली खुट्टा सप्तकोशीबाट जल ल्याएर पिण्डेश्वरबाबालाई अर्पण गर्ने भक्तहरूको पनि भीड लाग्ने गरेको छ । यसरी महादेवलाई जल चढाउँदा पाप पखालिने र मनोकामना पूरा हुने उनीहरूको विश्वास छ ।

प्रत्येक छ वर्षमा चतरा धाममा लाग्ने 'पिण्डेश्वर अर्धकुम्भ मेला' तथा प्रत्येक १२ वर्षमा एक महिना सञ्चालन हुने 'पिण्डेश्वर पूर्ण महाकुम्भ' मा पनि असंख्य भक्तजन यहाँ आउने गरेका छन् । रासस

# बाख्राले दिलाएको सम्मान र सन्तुष्टि



म्याग्दी । यहाँको रघुगंगा गाउँपालिका-३ राहुघाटका भरत मल्लले पोर्चुगलको (पिआर) स्थायी बसोबासको सुविधा त्यागेर जन्मथलोमा बाख्रापालन गर्नुभएको छ ।

विसं २०७६ देखि करिब २०८० सम्म पोर्चुगलमा बसेका ६३ वर्षीय मल्लले जन्मथलो फर्किएर पुरानै बाख्रापालन व्यवसायलाई निरन्तरता दिनुभएको हो । छोराछोरी विदेशमै बसे पनि आफूलाई जन्मथलोकै व्यवसाय सम्मानजनक लागेर फर्किएको बताउनुभयो ।

"पहिले साउदीबाट आएर राहुघाटमा जग्गा किनेर बाख्रा र कुखुरापालन गरेको थिएँ", उहाँले भन्नुभयो, "छोराछोरीले पोर्चुगल बोलाएपछि करिब १४-१५ महिना त्यहाँ बसेँ, घुमे । पिआर कार्ड पनि बनाएँ । घर आएपछि फर्किएर पोर्चुगल जान मन लागेन । सम्मान र सन्तुष्टिका लागि बाख्रापालनलाई निरन्तरता दिएको हो ।"

पोर्चुगल जानुअघि मल्लले २०६८ सालमा रघुगङ्गा बाख्रा तथा कृषि फार्म स्थापना गरेर बाख्रा, कुखुरापालन, मासु पसल सञ्चालन गर्दै आउनुभएको थियो । हाल ९१ वटा बाख्रा भएको मल्लको फार्मबाट वार्षिक २५ देखि ३० वटा खसीबोका बिक्री हुन्छ ।

खसीबोकाकै हाराहारीमा पाल्नका लागि उन्नत जातका पाठापाठी पनि किसानले लैजाने गरेका छन् । उहाँको फार्ममा स्थानीय जमुनापारी, सिनाल र बोयर जातका बाख्रा छन् । फार्ममा उहाँका परिवारका दुई जना सदस्यबाहेक थप दुई जनालाई रोजगारी दिनुभएको छ ।

मासुका लागि प्रतिकिलो रु छ सय र नश्ल सुधार गरेका पाठापाठीलाई प्रतिकिलो रु आठ सयदेखि एक हजारका दरले गोठबाटै बिक्री हुने गरेको मल्लले बताउनुभयो । उहाँका अनुसार फार्ममा करिब रु ५० लाखभन्दा बढी लगानी भएको छ । उहाँले घरवरपर प्रशस्त पाखोबारी भएकाले चरनमा आधारित बाख्रापालन गर्नुभएको छ । खोरभित्र उमेर समूहअनुसार पाठापाठी, माउ बाख्रा, खसीबोका राख्ने छुट्टाछुट्टै कोठा छन् । गलेश्वर र बेनी उहाँले उत्पादन गरेका खसीबोकाको बजार हुन् । व्यापारी गोठमै आएर खसीबोका किनेर लैजान्छन् ।

विदेशमा स्थायी बसोबासको अवसर हुँदाहुँदै पनि मल्लले जन्मथलो फर्केर बाख्रापालनलाई निरन्तरता दिएकाले कृषि क्षेत्रमा अवसर र आत्मसन्तुष्टि दुवै प्राप्त गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत भएको छ । स्थानीय स्रोतसाधन, पाखोबारी र चरनको सदुपयोग गरेर रोजगारी सृजना, आयआर्जन र उद्यमशीलता विकास गर्न सकिने उहाँको सन्देश छ ।

"युवापुस्तासहित वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई स्वदेश फर्केर उत्पादनमुखी क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने मेरो प्रयास हो", रासस

## एनसेलका ग्राहकहरूलाई अल्टिमा ग्याजेटहरूमा ६० प्रतिशतसम्म छुट

काठमाण्डु । एनसेलका सबै ग्राहकहरूले अब अल्टिमा लाइफस्टाइलका विभिन्न सामग्रीहरुको खरिदमा ६० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्छन् । एनसेल र अल्टिमा लाइफस्टाइलबीच भएको साझेदारीसँगै एनसेल ग्राहकहरूले अल्टिमाका विभिन्न ग्याजेटहरूमा छुट प्राप्त गर्ने भएका हुन् ।

यो अफरका लागि एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपांग दत्ता र अल्टिमा लाइफस्टाइलका प्रमुख कार्यकारी अधिकृत अमित अग्रवालले सम्झौतामा हस्ताक्षर गरेका छन् ।

रु ९९ वा सोभन्दा माथिको सक्रिय डेटा, भ्वाइस वा कम्बो प्याक उपभोग गरिरहेका एनसेलका प्रिपेड ग्राहक र रेन्टल प्लान सक्रिय रहेका पोस्टपेड ग्राहकहरू यो छुट योजनाका लागि योग्य हुन्छन् । यस योजना अन्तर्गत खरिद गरिने कुनै पनि सामानको डेलिभरी नेपालभर हुने व्यवस्था अल्टिमा लाइफस्टाइले गरेको छ ।

एनसेल एपबाट मात्र सञ्चालनमा ल्याईएको यो योजना अन्तर्गत एनसेल ग्राहकहरूले अल्टिमाको लाइफस्टाइलका साउन्ड बार, स्पिकर, वायरलेस एअर बड, स्मार्टवाच, पावर ब्याङ्क लगायतका ग्याजेटहरूमा विशेष छुट प्राप्त गर्न सक्छन् ।

यो योजनाको लाभ उठाउन ग्राहकहरूले आफ्नो मोबाइलमा रहेको एनसेल एप खोलेर पार्टनर्ड सर्भिसेसमा गई अल्टिमा लाइफस्टाइल छान्नु पर्दछ । प्रयोगकर्ताको नाममा दर्ता भएको मोबाइल नम्बर मार्फत स्वतः योग्यता जाँच हुन्छ र ग्राहकले छुट सहितको तिर्नुपर्ने मूल्य एनसेल एपमै देखिन्छ ।

"हामी हाम्रा ग्राहकहरूलाई अल्टिमा ग्याजेटहरूमा ६० % सम्म छुट प्रदान गर्ने योजना सञ्चालनमा ल्याउन पाएकोमा उत्साहित छौँ," एनसेलका चीफ कन्ज्युमर बिजनेस अफिसर उपांग दत्ताले भने। "अल्टिमा लाइफस्टाइलसँगको यो सहकार्यले हाम्रा ग्राहकहरूको डिजिटल जीवनशैलीलाई अझ समृद्ध बनाउन मद्दत गर्दछ ।"

यो योजनाको लाभ उठाउन योग्य नभएका ग्राहकहरूले रु ९९ वा सोभन्दा माथिको कुनै पनि प्याक खरिद गर्न सक्छन् र आफ्नो आवश्यकता अनुरुपमका ग्याजेट विषेश छुटमा लिन सक्छन् ।


## भाखा नाघेको कर्जा बुझाउने बारे २१ दिने सूचना प्रकाशित गर्ने सम्बन्धमा ।

प्रकाशित मितिः २०८३/०२/२९

तपशिलमा उल्लेखित यस बैंकको ब्यक्ति/फर्म/कम्पनीहरुले निम्न उदेश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सांवा,ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुंदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गर्नुपर्ने भएकोले आवश्यक सिफारिस सहित कृषि विकास बैंक लि.,मधेश प्रदेश कार्यालय जनकपुरमा पठाउने निर्णय गरियो ।

**सम्बन्धित कार्यालयको नामः कृ.बि.बैंक लि. शाखा कार्यालय, लहान, सिरहा**

| क्र.म | ग्राहक परिचय नं. | नाम | मिसिल नं. | प्रोपाइटर | बाबु/श्रीमान को नाम | बाजे/ससुराको नाम | ग्राहकको ठेगाना | ग्राहकको फोन | कर्जाको शीर्षक | कुल कर्जा | कुल ब्याज | २०८३/२/२६ २७ सम्म जम्मा तिर्नुपर्ने जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५४१६१४९ | फुलवारी कृषि फार्म | १३७०५ | गेनावती यादव | बलखन्दी यादव | दुलार चन्द यादव | लहान-२२, सिसवानी | ९७०७६६७८८६ | सरल कृषि कर्जा | १४९६७२० | ९४१४५ | १५९०८६५ |
| २ | ७५३४५६ | माँ पवित्र किराना स्टोर तथा आपूर्तिकर्ता | ११८२६ | इश कुमार यादव | हरि नारायण यादव | गुहेश्वर यादव | मझौरा-३, सिरहा | ९८१४७९४५९९ | व्यापार कर्जा | ७६००००० | १३६५६३४ | ८९६५६३४ |
| ३ | ५४१४१०५ | गीता देवी यादव | १३६८५ | | बिसुनदेव यादव (श्रीमान) | जय नारायण यादव | नवराजपुर-४ | ९८१६७६६४७५ | सरल कृषि कर्जा | १०६२२४८ | ७४४० | १०६९६८८ |
| ४ | ५३०३३९ | सुलेमान मिया अन्सारी | १४२९ | | बचा मिया | एबरहिम मिया | लहान-५, सिरहा | ९८१५७२६७८६ | सरल कृषि कर्जा | १०००००० | ६८५८३ | १०६८५८३ |
| ५ | ५२९५१० | सम्ला देवी यादव | ११८४२ | | हरि देव यादव (श्रीमान) | बिलातु यादव | माउवाही-९, सिरहा (सखुवानामा कट्टी-०१) | ९८०५९०७७५२ | सरल कृषि कर्जा | ९८५७६० | ३१७८४ | १०१७५४४ |
| ६ | १०५५६४८ | एकावारी वती | १२२०९ | | बिल्टु साह (श्रीमान) | असरफी साह | इनरुवा-९ (हाल भगवानपुर-०४) | ९८१५७२१९३३ | सरल कृषि कर्जा | ९४४७५७ | ३९८७४ | ९८४६३१ |
| ७ | १२८७२१९ | जय माँ लक्ष्मी पशुपालन फर्म | १३०२४ | बालदेव कुमार महतो | गुलाई महतो | फोगानी महतो | गोविन्दापुर-९, सिरहा, लहान-२४ | ९८१३०१७२०४ | सरल कृषि कर्जा | ८७०००० | ३०३२४ | ९००३२४ |
| ८ | ५४२४८२५ | बासु ठाकुर बराही | १३८४४ | | रबी ठाकुर बराही | बेरास पति ठाकुर | नवराजपुर-२, सिहरा | ९७०३८५१४७३ | सरल कृषि कर्जा | ८५०००० | २१९८४ | ८७१९८४ |
| ९ | १९९११२७ | मुनि कुमारी यादव | १३२३७ | | गैरी नारायण यादव | श्रीलाल यादव | भगवानपुर-०४ | ९८०५९७६१५७ | सरल कृषि कर्जा | ४९४१४१ | २५७२८ | ५१९८६९ |
| १० | १२४३९१९ | निलम देवी चौधरी | १२५६५ | | प्रमानन्द चौधरी (श्रीमान) | मोहन चौधरी | लहान-१३, सिरहा | ९८२३६४४५५२ | सरल कृषि कर्जा | ४६०००० | २७४८३ | ४८७४८३ |
| ११ | १०६३९५१ | शोभा देवी यादव | १२२६२ | | लक्षन लाल यादव (श्रीमान) | लच्छुमन यादव | इनरुवा-४ (हाल भगवानपुर-३), सिरहा | ९८११७११११४ | सरल कृषि कर्जा | २९९९३७ | १७९७८ | ३१७९१५ |
| १२ | ११०२३४४ | महाबती देवी थारु चौधरी | १२४१४ | | भुताई चौधरी | अभिनन्द चौधरी | लहान-१८, भदैया, बिशनपुर | ९८१९७७५५६५ | व्यक्तिगत ओभरड्राफ्ट कर्जा | ३०४०४४ | ५४६८ | ३०९५१२ |
| १३ | ७२२४२९ | दिपक तामाङ | ११९९० | | राम बहादुर तामाङ | जंग बहादुर तामाङ | बेलहरा-२ (हाल धनगढिमाई-०९ जिरोमाइल) | ९८२७७६४८८६ | व्यक्तिगत ओभरड्राफ्ट कर्जा | २८५७१५ | ८६६८ | २९४३८३ |
| १४ | ७०१६७७ | सोमानी देवी यादव | ११९६२ | | शिव नारायण यादव (श्रीमान) | लखन यादव | नवराजपुर-०१, सिरहा | ९८०७७९७३०२ | सरल कृषि कर्जा | २०८००० | १४३१८ | २२२३१८ |
| १५ | ५३३९५८ | नारायण यादव | ११०८५ | | नन्दी लाल यादव | नपुना यादव | हनुमाननगर-२, सिरहा | ९८१५७३३७६६ | सरल कृषि कर्जा | २००००० | १२४८६ | २१२४८६ |
| १६ | १२८६८९७ | रामपरी देवी यादव | १२४७६ | | जिवाछा यादव | कारी यादव | इनरुवा-९, सिरहा (हाल भगवानपुर-४) | ९८२७७१६६७३ | सरल कृषि कर्जा | २००००० | ११२१२ | २११२१२ |
| १७ | ५२८४२२ | जहरी तत्मिनी | १०२६२ | | मतर दास तमा (श्रीमान) | ठकाई दास | भागवतीपुर-ता.शु.-३, सिरहा | ९८१९७४७२१३ | सरल कृषि कर्जा | १८४५०० | ९३६८ | १९३८६८ |
| १८ | ५२८७३३ | जय नारायण यादव | ११४७० | | केशर यादव | छोटी यादव | इनरुवा-६, सिरहा (हाल भगवानपुर-३) | ९८२३२१८२५७ | सरल कृषि कर्जा | १७५००० | ७५७८ | १८२५७८ |
| १९ | ५२८५०५ | फुलो देवी यादव | १११६२ | | उतिमलाल यादव (श्रीमान) | रघुबीर यादव | गोबिन्दपुर-७, सिरहा | ९८१९९७५९३२ | सरल कृषि कर्जा | १६१२७५ | ३२६३ | १६४५३८ |
| २१ | १०८९४३४ | मुक्ति ठाकुर बराही | १२३३३ | | राम कुमारी ठाकुर (श्रीमान) | बाबुजी ठाकुर | इनरुवा-९ (हाल भगवानपुर-०४) | ९८१३८२१४४६ | सरल कृषि कर्जा | १४५२४२ | ५८३१ | १५१०७३ |
| २२ | ५२९५३५ | पानो बती यादव | ११८५७ | | सिलकिन्द्र यादव (श्रीमान) | असरफी यादव | नहरारिगौल-४, सिरहा | ९८०४७६८७०३ | सरल कृषि कर्जा | ८१३१४ | ५२३३ | ८६५४७ |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर

# तलब माग्दै प्रयोगशालाकर्मीले गरे आन्दोलनको घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका स्थानीय तहमा सञ्चालित जनस्वास्थ्य प्रयोगशालामा कार्यरत कर्मचारीहरूले बक्यौता तलब र थप सेवासुविधाको माग गर्दै आन्दोलनको घोषणा गरेका छन् ।

प्रदेश जनस्वास्थ्य प्रयोगशालाको समन्वयमा १३६ स्थानीय तहमा कार्यरत प्रयोगशालाकर्मीहरू आबद्ध संयुक्त संघर्ष समितिले सरकारसमक्ष आफ्ना माग तत्काल सम्बोधन गर्न आग्रह गर्दै असार १ गतेदेखि चरणबद्ध आन्दोलन सुरु गर्ने घोषणा गरेको हो ।




शुक्रबार जारी विज्ञप्तिमा समितिले चालु आर्थिक वर्षको सुरुवातदेखि नै तलब भुक्तानीमा समस्या देखिएको उल्लेख गर्दै हालसम्म सात महिनासम्मको पारिश्रमिक नपाएको दाबी गरेको छ। चाडपर्व भत्ता लगायत कानुनअनुसार उपलब्ध हुनुपर्ने सेवा-सुविधासमेत नदिइएको र आर्थिक वर्ष अन्त्यतिर आइपुग्दासमेत सेवा सम्झौता नवीकरणको प्रक्रिया टुंगो नलागेको भन्दै कर्मचारीहरू असन्तुष्ट बनेका छन् ।

संघर्ष समितिका संयोजक मोहम्मद साजिद राइनले सम्बन्धित मन्त्रालय तथा निकायहरूलाई पटक-पटक समस्या जानकारी गराइए पनि कुनै प्रभावकारी पहल नभएको बताए। लामो समयसम्म तलबविहीन अवस्थामा काम गर्न बाध्य बनाइनु श्रमिक अधिकारमाथिको अन्याय भएको उनको भनाइ छ ।

प्रयोगशालाकर्मीहरूले बक्यौता तलब तत्काल भुक्तानी गर्न, सेवा सम्झौता नवीकरण प्रक्रिया पूरा गर्न, चाडपर्व, पोशाक, जोखिम तथा महँगी भत्ता उपलब्ध गराउन माग गरेका छन् । त्यस्तै आगामी आर्थिक वर्षदेखि नियमित तलब भुक्तानी सुनिश्चित गर्न पर्याप्त बजेट व्यवस्थापन, आर्थिक वर्षको सुरुमै सम्झौता नवीकरण तथा कर्मचारीहरूको पेशागत सुरक्षा र सेवासुविधा सुनिश्चित हुने दीर्घकालीन नीति निर्माण गर्न पनि सरकारसँग आग्रह गरेका छन् ।

यद्यपि प्रदेश जनस्वास्थ्य प्रयोगशालाले कर्मचारीहरूले उठाएको सबै दाबी तथ्यगत रूपमा सही नभएको जनाएको छ । प्रयोगशालाका प्रमुख डा. नागेन्द्र यादवका अनुसार सबै कर्मचारीको तलब कार्तिक महिनादेखि रोकिएको नभई अधिकांशको माघ महिनादेखि मात्र बक्यौता रहेको छ ।

उनले प्रदेश सरकारबाट आवश्यक बजेट निकासा हुन नसकेको तथा केही स्थानीय तहका कर्मचारीहरूले प्रयोगशाला परीक्षणबाट संकलन भएको शुल्क प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा जम्मा नगरेकाले समस्या जटिल बनेको बताए । उनका अनुसार करिब १० प्रतिशत स्थानीय तहका प्रयोगशालाकर्मीहरूले परीक्षण शुल्कको रकम बुझाउन बाँकी राखेकाले ती कर्मचारीहरूको तलब साउन वा कात्तिक महिनादेखि नै रोकिएको हो ।

डा. यादवले केही समय प्रयोगशालाहरूमा आवश्यक केमिकल अभावका कारण सेवा प्रभावित भएपनि त्यस अवधिसम्म कर्मचारीहरूको तलब नियमित पठाइएको दाबी गरे। हाल प्रदेशभरका स्थानीय तहमा करार सेवामार्फत करिब २७० जना प्रयोगशालाकर्मी कार्यरत छन्, जहाँ प्रत्येक पालिकामा दुई जनाका दरले कर्मचारी कार्यरत रहेको बुझिएको छ।

> प्रदेश सरकारले निजी क्षेत्रको तुलनामा सस्तो दरमा प्रयोगशाला परीक्षण सेवा उपलब्ध गराउने उद्देश्यले २०८० असारदेखि प्रदेशका आठवटै जिल्लाका सबै पालिकामा प्रयोगशाला सेवा विस्तार गरेको थियो। स्थानीय तहले भवन उपलब्ध गराउने र प्रदेश जनस्वास्थ्य प्रयोगशालाले प्राविधिक तथा व्यवस्थापकीय सहयोग गर्ने मोडेलमा ती प्रयोगशाला सञ्चालनमा आएका थिए ।

प्रदेश सरकारले निजी क्षेत्रको तुलनामा सस्तो दरमा प्रयोगशाला परीक्षण सेवा उपलब्ध गराउने उद्देश्यले २०८० असारदेखि प्रदेशका आठवटै जिल्लाका सबै पालिकामा प्रयोगशाला सेवा विस्तार गरेको थियो। स्थानीय तहले भवन उपलब्ध गराउने र प्रदेश जनस्वास्थ्य प्रयोगशालाले प्राविधिक तथा व्यवस्थापकीय सहयोग गर्ने मोडेलमा ती प्रयोगशाला सञ्चालनमा आएका थिए ।

तर सञ्चालन सुरु भएको करिब डेढ वर्षपछि खरिद प्रक्रियासम्बन्धी जटिलता र आवश्यक केमिकलको अभावका कारण अधिकांश प्रयोगशालाको सेवा प्रभावित हुन पुगेको छ। केही स्थानीय तहले आफ्नै स्रोतबाट केमिकल खरिद गरी सेवा सञ्चालन गरिरहेका भए पनि धेरै स्थानमा परीक्षण सेवा ठप्पजस्तै रहेको बताइएको छ ।

हाल पनि अधिकांश पालिकामा आवश्यक सामग्री अभावकै कारण प्रयोगशाला परीक्षण नियमित हुन सकेको छैन। केही प्रयोगशालामा सीमित मात्रामा सामान्य परीक्षण सेवा सञ्चालन भइरहे पनि पहिलेझैँ पूर्ण क्षमतामा सेवा दिन नसकिएको अवस्था छ । सञ्चालनमा रहेका बेला यी प्रयोगशालाबाट ४६ प्रकारका परीक्षण सेवा बजार मूल्यको करिब २५ प्रतिशत शुल्कमा उपलब्ध गराइँदै आएको थियो, जसले सर्वसाधारणलाई सस्तो र सहज स्वास्थ्य परीक्षण सेवा प्राप्त गर्न सहयोग पुगेको थियो ।

# मोबाइललाई जलसमाधि : प्रशासनिक क्रूरताको पराकाष्ठा

ब्लग :



श्यामसुन्दर शशि

सिरहाको प्रशासनिक भवनबाट गत साता एउटा क्रूर दृश्य दृष्टिगोचर भयो । शान्तिको प्रतीक मानिने निलो रंगको एउटा ठूलो ट्यांकी देखियो । पानीले लवालव भरिएको उक्त ट्यांकीको वरिपरी प्रहरी पोशाकमा सजिएका पाँच जना सुरक्षाकर्मी र अनुहार नदेखिए पनि कर्मचारीजस्ता देखिने एक अन्य गरी ६ जना उभिएका छन् । तीमध्ये एक सुरक्षाकर्मी मोबाइलमा घटना वृतान्त रेकर्ड गर्दै थिए । कात्रो जस्तै सेतो कपडामा बेरिएका विचरा एप्पल र एण्ड्रवाइट मोवाईलहरु अनि स्मार्ट वाच मृत्यदण्डका लागि तम्तयार थिए । दुर्भाग्य मृत्युदण्ड पाउनेसंग कसाइले साध्छन् क्यार....- तिम्रो अन्तिम इच्छा के हो ? बिचराहरुसंग त्यो पनि सोधिएन । अनि शान्तिको प्रतीक निलो ट्यांकी वरिपरी उभिएका सुरक्षाकर्मीमध्ये सम्भवतः वरिष्ठ हवल्दार दर्जाका एक सुरक्षाकर्मीहरु ती मोबाइल र स्मार्ट बातहरुलाई बलजफ्ती जलसमाधि गराए । यद्यपि आम नागरिकले दुःख गरी किनेका यी मोबाइलहरुलाई जलसमाधि गराउने बेला उनीहरुको अनुहार भने मलिन थियो । सम्भवतः सानो दर्जाका यी सुरक्षाकर्मीहरुलाई मोबाइलको मूल्य थाहा थियो । तर सुरक्षा निकाय न हो कमाण्डमा बस्नै पर्दछ । उलल्ला कमाण्डरको आदेश मान्ने पर्ने हुन्छ । आदेश पालन गर्दै झण्डै १ करोड मूल्य बराबरका ती मोबाइल र स्मार्ट वाचहरुलाई मृत्यु दण्ड दिइयो ।

ती मोबाइल र स्मार्ट वाचहरु हालै सिरहामा सम्पन्न एस.ई.ई. र प्लस टू को परीक्षा हलबाट परीक्षार्थीहरुको साथबाट खोसिएको थियो । जसको उमेर १५ देखि १८ वर्षका थिए । मोबाइल र स्मार्ट वाच किशोर किशोरीबाट खोसिएको भएपनि यसका क्रेताहरु भने अभिभावकहरु थिए । कोही धान, चामल, गहुँ बिक्री गेरर खरीद गेरका थिए । कोही अन्य अत्यावश्यक काम नगरी छोरा छोरीको जिद्द पूरा गर्न किनिदिएका थिए । नाबालिक सन्तानले गेरको सानो गलतीको यति ठूलो दण्ड भोग्ने सम्भवतः सिरहाका अभिभावकहरु मात्र होलान् ।

मोबाइल र स्मार्ट वाचलाई जलसमाधि गराउने निर्णय जिल्ला परीक्षा समन्वय समितिको थियो । जिल्ला भरिका परीक्षालाई मर्यादित बनाउँन प्रत्येक जिल्लामा यस्तै स्थायी प्रकृतिका समिति छन् । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित हुने उक्त समितिमा जिल्ला समन्वय समितिका अध्यक्ष वा उपाध्यक्ष, शिक्षा विकास तथा समन्वय ईकाइका प्रमुख, जिल्ला प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि, राष्ट्रिय परीक्षा बोर्डका प्रदेश वा जिल्ला प्रतिनिधि र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि सदस्य हुन्छन् ।

परीक्षा केन्द्रमा मोबाइल र स्मार्ट वाचलगायतका डिजिटल डिभाइस लिएर प्रवेश गर्नु वर्जित छ । यस्ता डिभाईस बरामद भए, जफल हुने प्रावधान छ । प्रचलित नियमको उल्लंघन गर्दै किशोर किशोरीहरु यस्ता डिभाइस लिएर परीक्षा केन्द्र भित्र पस्नु निःसन्देह गलत हो । अपराध सरह हो । तर सरकारी यस कडा कानुनबारे यी विद्यार्थीहरुलाई शिक्षक र अभिभावकले बुझाएका थिए कि थिएनन् ? परीक्षा केन्द्र बाहिरै यिनीहरुको खान तलासी गरेको भए,



यिनीहरु ती डिभाइस लिएर भित्र छिर्न सक्थे ? फेरी, नेपालको दण्ड संघीताले १८ वर्ष मुनिका नाबालिकले जस्तो सुकै अपराध गरे पनि यिनीहरुलाई सुधार केन्द्रमा राख्ने व्यवस्था गरेको छ । सुधार केन्द्रमा राख्नुको तात्पर्य हो- यिनीहरुलाई अपराधकर्मबाट टाढा राख्नु । भविष्यमा यस्तो अपराधमा संलग्न नहोउन् भनेर मनोवैज्ञानिक विमर्शमार्फत सही बाटोमा फर्काउनु । परीक्षा केन्द्रमा आचार संघीता विपरीत काम गर्ने परीक्षार्थीहरुको परीक्षा रद्द गर्ने, आगामी परीक्षाहरुबाट वञ्चित गराउने प्रावधान छ । उनीहरुको साथमा भएको मोबाइल र स्मार्ट वाचलाई जलसमाधि गराउने काम पहिलो पटक भएको होला ।

सिरहामा विद्यार्थीका मोबाइल नष्ट गरिएको घटनाबाट विद्यार्थी र अभिभावकहरु आन्दोलित छन् । उनीहरु मोबाइल नष्ट गर्ने निर्णयमा संलग्नहरुमाथि कारबाही र क्षतिपूर्तिको माग गरेका छन् । युवा कानुन व्यावसायीहरुको एक समूहले सर्वोच्च अदालतमा रिट निवेदन पनि दर्ता गराएका छन् । सम्मानित सर्वोच्च अदालतले रिट निवेदनमाथि अन्तिम टुंगो नलागेसम्म परीक्षा केन्द्रमा भेटिएका मोबाइल र त्यसमा रहेका डेटा नष्ट नगर्न/नगराउन सम्बन्धित अधिकारीहरुको नाममा आदेश सुनाएको छ । यसका साथै सम्बन्धित सरकारी निकायसंग १५ दिनभित्र जवाफ मागेको छ । अदालतले रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म परीक्षा हलमा भेटिएका मोबाइल र त्यसमा रहेका डेटा नष्ट नगर्न आदेश पनि दिएको छ । सर्वोच्च अदालतका न्यायाधीश श्रीकान्त पौडेलको इजलासले यस्तो आदेश दिएका हुन् । रिटमा यो कार्य गैरकानुनी भएको, गोपनीयता र सम्पत्तिको हकसम्बन्धी व्यवस्थाको उल्लंघन भएको दाबी छ ।

म अघि पनि लेखिसकेको छु । परीक्षा केन्द्रमा डिजिटल डिभाइस लिएर प्रवेश गर्नु गलत हो । चिट चोरेर लेख्नु गलत हो, तर यसमा विद्यार्थीमात्र जिम्मेवार छन् ? शिक्षक, अभिभावक, जिल्लास्थित परीक्षा समन्वय समिति जिम्मेवार छैनन् ?? डण्डा लिएर चिट चोरी रोक्न परीक्षा केन्द्रमा प्रवेश गर्ने प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, जिल्ला समन्वय समितिका अध्यक्ष वा उपाध्यक्ष, शिक्षा समन्वय इकाइका प्रमुखहरुमध्ये कति जना विद्यालयसम्म पुगेर विद्यालयको अवस्था के छ ? शिक्षक विद्यार्थी अनुपात र विषयगत शिक्षक पुगेको छ कि छैन ? खानेपानी, शौचालय, भवन आदिको अवस्था के छ ? भनेर सोधी खोजी गर्नु भएको छ ? यसरी मोबाइललाई जलसमाधिमा पठाएर परीक्षा केन्द्रमा हुने चोरी रोकिदैन । यसका लागि शिक्षाको गुणस्तरमा सुधार ल्याउनु पर्दछ । यो काम विद्यार्थीको होइन, अभिभावक, शिक्षक र सरोकारबालाहरुको हो । दण्ड दिनेले माया पनि गर्न जानेका हुन्छन श्रीमान् ॥

# थुनुवा कक्षबाट भागेकालाई एक वर्ष कैद

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रहरी कार्यालय धनुषाको थुनुवा कक्षबाट फरार भएका ९ जना अभियुक्तलाई जिल्ला अदालत धनुषाले एक वर्ष कैद सजाय तोकेको छ ।

जिल्ला अदालत धनुषाका न्यायाधीश शुभाषबाबु पुरीको इजलासले थुनुवा कक्षबाट भागेको कसुरमा दोषी ठहर गर्दै एक नाबालकसहित सबै प्रतिवादीलाई कैद सजायको फैसला गरेको हो ।




अदालतका श्रेस्तेदार दिपक पोखरेलका अनुसार प्रहरी हिरासतबाट फरार भएको अभियोगमा सबै प्रतिवादीलाई एक वर्ष कैद हुने फैसला सुनाइएको छ। उनीहरूमाथि यसअघि दर्ता भएका अन्य मुद्दाको हकमा भने सम्बन्धित अभियोगअनुसार छुट्टाछुट्टै फैसला भइसकेको वा हुने प्रक्रिया रहेको उनले जानकारी दिए ।

घटना २०८१ साल असोज ६ गते रातिको हो। धनुषा प्रहरीको हिरासतमा रहेका थुनुवाहरू शौचालयको भेन्टिलेसन तोडेर फरार भएका थिए। प्रहरीका अनुसार उनीहरूले शौचालयको करिब १० फिट माथि रहेको भेन्टिलेटरमा जडान गरिएको रड काटेर भाग्ने योजना सफल बनाएका थिए ।

फरार भएकामध्ये एक जना महोत्तरीको जलेश्वर नगरपालिका-५ निवासी श्याम झा भागेको केही समयमै जनकपुरधामको जनकचोकबाट पक्राउ परेका थिए । त्यसपछि जिल्ला प्रहरी कार्यालय धनुषाले व्यापक खोजी अभियान सञ्चालन गर्दै असोज ८ गतेभित्रै बाँकी सबै फरार अभियुक्तलाई पुनः नियन्त्रणमा लिएको थियो ।

फरार हुनेहरूमा धनुषाका विभिन्न स्थानीय तहका साथै सिरहा जिल्लाका एक अभियुक्त समेत गरी कुल ९ जना रहेका थिए। उनीहरूमध्ये अमित कुमार झा, रञ्जीत मण्डल, रोशन मण्डल, भास्कर यादव र विशाल मुखिया लागुऔषध सम्बन्धी मुद्दाका थुनुवा थिए भने सुमित मेस्तर, मनिष मण्डल, विक्की कार्की र श्याम झा अभद्र व्यवहार मुद्दामा हिरासतमा रहेका अभियुक्त थिए ।

घटनापछि उनीहरूविरुद्ध थुनुवा कक्षबाट फरार भएको कसुरमा छुट्टै मुद्दा दर्ता गरिएको थियो। सोही मुद्दामा लामो सुनुवाइपछि अदालतले शुक्रबार अन्तिम फैसला सुनाएको हो ।

यद्यपि, सयौं सुरक्षाकर्मीको निगरानी रहेको प्रहरी हिरासतबाट थुनुवाहरू कसरी भाग्न सफल भए भन्ने विषय भने अझै रहस्यमय बनेको छ । घटनापछि सुरक्षा व्यवस्थामाथि प्रश्न उठे पनि त्यसको विस्तृत छानबिन र जिम्मेवारी निर्धारणको प्रक्रिया अहिलेसम्म टुंगोमा पुग्न सकेको छैन । प्रहरी हिरासतको सुरक्षामा भएको कमजोरीबारे स्पष्ट निष्कर्ष सार्वजनिक नभएकाले घटनाले अझै पनि विभिन्न शंका र जिज्ञासा उत्पन्न गरिरहेको छ ।

# निर्वाचनको सुझावप्रति तमलोपाको आपति

**टुडे समाचारदाता**

जनकपुरधाम । तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले प्रतिनिधिसभाको संरचना परिवर्तन बारे निर्वाचन आयोगले दिएको सुझावप्रति कडा आपत्ति जनाएको छ ।

पार्टीले आयोगको प्रस्तावले बहुदलीय लोकतन्त्र, समान नागरिक मताधिकार तथा समावेशी प्रतिनिधित्वको मूल मर्ममाथि प्रहार गर्ने ठहर गरेको छ ।

पार्टीका केन्द्रीय अध्यक्ष वृषेशचन्द्र लालद्वारा जारी प्रेस विज्ञप्तिमा प्रत्येक जिल्लाबाट एक/एक जना प्रतिनिधिसभा सदस्य चयन गर्ने तथा समानुपातिकतर्फको संख्या २८ जनामा सीमित गरी कुल १०५ सदस्यीय प्रतिनिधिसभा बनाउने आयोगको सुझावप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ।


तमलोपाले संविधानअनुसार निर्वाचन आयोगको भूमिका निष्पक्ष रूपमा निर्वाचन गराउने तथा प्राविधिक एवं व्यवस्थापकीय सुधारका सुझाव दिनेसम्म सीमित रहेको दाबी गरेको छ।

संविधान संशोधनजस्तो राजनीतिक विषयमा आयोगले धारणा सार्वजनिक गर्नु न नैतिक रूपमा उपयुक्त रहेको र न त विधिसम्मत भएको पार्टीको भनाइ छ। विज्ञप्तिमा आयोगको प्रस्ताव कार्यान्वयन भए जनसंख्याको आधारमा प्रतिनिधित्वको सिद्धान्त कमजोर हुने उल्लेख गरिएको छ।

मधेश, थरुहट, बागमती र कोशी प्रदेशका बढी जनघनत्व भएका २५ जिल्लामा बसोबास गर्ने करिब ७५ प्रतिशत जनसंख्याले मात्र ३३ प्रतिशत प्रतिनिधित्व प्राप्त गर्ने, जबकि पहाड तथा हिमाली क्षेत्रका ५२ जिल्लाका २५ प्रतिशत जनताले ६६ प्रतिशत प्रतिनिधिसभा सदस्य चयन गर्ने अवस्था सिर्जना हुने हुन सक्ने तर्क तमलोपाले गरेको छ । पार्टीले संविधान संशोधनसम्बन्धी बहस अघि बढाउन गठित कार्यदलले संशोधनको आवश्यकता, औचित्य, उद्देश्य र अपेक्षित उपलब्धिबारे स्पष्ट प्रस्ताव सार्वजनिक गर्नुपर्ने मागसमेत गरेको छ।

सुझाव संकलनको अभ्यासले केही समय जनताको ध्यान मोड्न सक्ने भए पनि त्यसबाट मुलुकले खोजेको दीर्घकालीन समाधान प्राप्त नहुने विज्ञप्तिमा उल्लेख छ।

तमलोपाले संविधान संशोधनजस्तो संवेदनशील विषयलाई हल्का रूपमा नलिन आग्रह गर्दै गणतन्त्र, संघीयता र बहुदलीय लोकतन्त्रप्रति प्रतिबद्ध राजनीतिक शक्तिहरूबीच तत्काल एकता आवश्यक रहेको जनाएको छ।



# बाल सेनाको प्रयोग दण्डणीय अपराध

**टुडे समाचारदाता**

काठमाण्डू। सर्वोच्च अदालतले बाल सैनिकको प्रयोगलाई मानव अधिकारको गम्भीर उल्लंघन मानिने कसुरको सूचीभित्र नराखिएको भन्दै त्यसका लागि कानुन संशोधन गर्न सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ।

द्वन्द्वकालमा प्रयोग भएका बाल सैनिकलाई सामाजिक पुनर्स्थापना गर्नुपर्ने र बाल सैनिक प्रयोग गर्नेहरूमाथि कारबाही हुनुपर्ने मागसहित लेनिन विष्टले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए।

विष्ट लगायतका व्यक्तिहरूको निवेदनको सुनुवाइपछि निर्देशनात्मक आदेश जारी गर्दै सर्वोच्च अदालतले बाल सैनिकको प्रयोगलाई मानवअधिकारको गम्भीर उल्लंघनको परिभाषामा समावेश गर्न आदेश दिएको हो।

सर्वोच्च अदालतले संक्रमणकालीन न्यायसम्बन्धी सत्य निरूपण तथा मेलमिलाप र बेपक्षा छानबिन आयोग ऐनको तेस्रो संशोधनले 'मानव अधिकारको गम्भीर उल्लंघन'को परिभाषाबाट बाल सैनिकको प्रयोगलाई वञ्चित गरेको निष्कर्ष सहित कानुन संशोधनको आवश्यकता देखेको हो।

सर्वोच्च अदालतको पूर्ण इजलासले भनेको छ, '१८ वर्ष वा मुनिका बालबालिकाहरूलाई कुनै पनि सैन्य बलमा समावेश वा उपयोग पूर्णतः निषेधित गरी त्यस्ता कामलाई दण्डनीय अपराध ठहर गर्ने गरी कानुन निमार्णको तत्काल पहल गर्नु भनी विपक्षी सरकारी निकायहरूको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।'

सर्वोच्च अदालतको यो आदेशपछि सरकारले संक्रमणकालीन न्यायसम्बन्धी दुई आयोगलाई व्यवस्थापन गर्ने 'बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन-२०७१' मा बालसैन्यको प्रयोग र त्यससम्बन्धी कसुरको विषयवस्तु समावेश गरिएको संशोधन विधेयक संघीय संसद्मा पेस गर्नुपर्नेछ।

१९ वर्षअघि सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौतामा १८ वर्ष वा त्यो भन्दा मुनिका बालबालिकालाई कुनै पनि सैन्य बलमा समावेश र उपयोग नगर्नेमा दुवै पक्ष सहमत थिए। दुवै पक्षले त्यस्तो बालबालिकाको तुरुन्त उद्दार गर्ने र उनीहरूको पुनर्स्थापना गर्ने घोषणा गरेका थिए।

बालअधिकार सम्बन्धी महासन्धि लगायतका अन्य अन्तर्राष्ट्रिय अभिसन्धिमा द्वन्द्वपीडित बालबालिकाको सामाजिक पुनर्एकीकरणको उपायहरू गर्नुपर्ने व्यवस्था छ । बालबालिकालाई थप हानि हुनबाट जोगाउनु मात्रै नभई उनीहरूको स्वास्थ्य लाभ र सामाजिक पुनर्एककीकरण पनि आवश्यक हुने भन्दै सर्वोच्च अदालतले 'त्यस्ता बालबालिकाहरूको हकमा सरकारले उल्लेख गरेका आर्थिक राहतहरू पर्याप्त नदेखिएको' निष्कर्ष निकालेको हो।

विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धिहरूका साथसाथै आफ्नै कयौं नजिरले समेत सशस्त्र सेनामा बालबालिकाको भर्नालाई अस्वीकार्य हुने सिद्धान्त प्रतिपादन गरेको विवेचना सहित सर्वोच्च अदालतले नेपालले ससस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगलाई निषेध गरेको प्रोटोकल लगायतका अभिसन्धि अनुमोदन गरेको २४ वर्षसम्म पनि सशस्त्र द्वन्द्वमा बालबालिकाको भर्नालाई फौजदारी अपराधको रूपमा वर्गीकरण नगरेकोमा प्रश्न उठाएको हो।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८